# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तिलाठी कोईलाडी गाउँपालिका
## सप्तरी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तिलाठी कोईलाडी गाउँपालिका
## सप्तरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तिलाठी कोईलाडी गाउँपालिका

## सप्तरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
मधेस प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १६६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
तिलाठी कोईलाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सप्तरी ।

१. कैफियत सहितको राय — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू ५ करोड ४० लाख ९८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १ करोड २८ लाख ३८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ८ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ४९ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु. १० लाख ८९ हजार र पेश्की बाँकी रु. ४८ लाख ९५ हजार समेत गरी यस वर्ष रु. ४ करोड १८ लाख ४८ हजार बेरुजू कायम रहेको छ । तिलाठी कोईलाडी गाउँपालिकाको गतवर्ष सम्म रु.३७ करोड २ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४१ करोड २० लाख १९

हजार रहेको छ । तिलाठी कोईलाडी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने तिलाठी कोईलाडी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी तिलाठी कोईलाडी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्याम प्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

तिलाठी कोईलाडी गाउँपालिका,

सप्तरी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६२ | १५६ | ५४०९८ | ० | २४ | १२८३८ | ६२ | १३२ | ४१८४८ | ८७३ | १०८९ | ३४९९१ | ० | ० | ३६०८० | ४८९५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ३७०२२४ | ० | ५३ | ३७०१७१ | ० | ४१८४८ | ४१२०१९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९/८० | ८ | सशर्त अनुदान फिर्ता गरेको प्रमाण पेश | ३२५११५ |
| २ | ०७९/८० | २० | बढि दर बापत बढि रकम असुल प्रमाण | २११४७ |
| ३ | ०७९/८० | २७ | सम्झौता भन्दा बढि भुक्तानी असुल | १३९६० |
| ४ | ०७९/८० | २९ | परामर्श सेवा खरिदको जिन्सी दाखिला गरेको प्रमाण पेश | ३४३२३७७ |
| ५ | ०७९/८० | ३३ | ३ वटा निर्माण व्यवसायीको कार्सम्पादन जमानत प्रमाण पेश | ३१८४००० |
| ६ | ०७९/८० | ४६.२ | लागत कट्टा रकम असुल गरी प्रमाण पेश | ७६०७३५ |
| ७ | ०७९/८० | ६९ | यायात खर्चको पुष्ट्याई प्रमाण पेश | ८६००० |
| ८ | ०७९/८० | ८४ | बढी खाजा खर्च असुल प्रमाण पेश | २०००० |
| ९ | ०७९/८० | ८९.१ | प्रतिवेदन बापतको रकम असुल प्रमाण पेश | ७७५० |
| १० | ०७९/८० | ८९.२ | सामाजिक सुरक्षा रकम फिर्ता प्रमाण पेश | ४९८७१८४ |
| | चालु वर्षको जम्मा | | | १२८३८२६८ |

| | | | | |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | - | - | - |
| | २०७८।७९ | - | - | ५३४०० |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | - | - | १२८९१६६८ |

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस तिलाठी कोइलाडी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा, ३२.९२ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१३ देखि २०८०।६।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको

प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय — व्ययतर्फ रु. ७७७४०७५४०.९७ , सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ७७७४०७५४०.९७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,३३,७६९.२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सुरेन्द्र कुमार यादवको भ्रमण खर्च | ६००० |
| २ | अरुणकुमार यादव भ्रमण खर्च | १०३०० |
| ३ | फुलकुमारी साह भ्रमण खर्च | ८६०० |
| ४ | निजी सचिव दोहोरो तलब असुली | १८००० |
| ५ | अन्य विभिन्न व्यक्तिहरुबाट असुली | ९०८६९.२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

एकीकृत आय व्यय विवरण

तिलाठी कोइलाडी गाँउपालिका

एकीकृत आर्थिक विवरण ०७९।८०

| आय तर्फ | | रकम | व्ययतर्फ | रकम |
|---|---|---|---|---|

| विवरण | रकमरु. | जम्मारकम | क्र.सं. | विवरण | रकमरु. | जम्मारकम |
|---|---|---|---|---|---|---|
| गत आ.ब.कोजिम्मेवारी | | २०३६९३२१६.२८ | १ | चालु खर्च | | ९९३५३९४०.३९ |
| क. नगद | | | | गापा चालु खर्च | ९९३५३९४०.३९ | |
| बैंक गत आ.ब.कोअ ल्या | १८६९२९१३३.७३ | | | गापा आ.व. को बेरुजुदाखिला | ७८१५९९०२ | |
| गत वर्षकोविविध अल्या | ५३६२७८८.६ | | | गापा शिक्षातर्फकोखर्च | १३८३०३७६ | |
| गत बर्षकोधरौटी अ.ल्या. | ११४०१२९३.९६ | | | गापा स्वास्थ्यतर्फको खर्च | ५०४७९४७ | |
| संघीयअनुदानतर्फ | | ३१४०८९९०६०३.४४ | | गापा पशुतर्फको खर्च | ५८१७३९७ | |
| वित्तीयसमानीकरण | ११८५८५००० | | २ | संघीय सशर्तहस्तान्तरण कार्यक्रम | १५८११३९५९.४४ | १५८११३९५९.४४ |
| सशर्तअनुदान | १८५५०४६०३.४४ | | ३ | पुजीगततर्फ | | १४१६७४८५७.९९ |
| विशेष अनुदान | ० | | | गापा पूजीगत खर्च | १३८१५६०८७.९९ | |
| समपुरक अनुदान | १०००००००० | | | गापा शिक्षा तर्फको खर्च | १८८९१९९ | |
| प्रदेशअनुदानतर्फ | | १९१३८००० | | गापा स्वास्थ्यतर्फको खर्च | १६२९५७१ | |
| वित्तीयसमानीकरण | ९१३८००० | | ४ | संघीय सशर्तहस्तान्तरण कार्यक्रमतर्फको खर्च | ३७१२४६९३ | ३७१२४६९३ |
| सशर्त अनुदान | ५०००००० | | ५ | प्रदेश तर्फ | | २०००००० |
| समपुरक अनुदान | २०००००० | | | प्रदेश समपुरक अनुदान | २०००००० | |
| विशेष अनुदान | ३०००००० | | ६ | प्रदेश सशर्त तर्फ | | ५०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राजस्व बाडफाडप्राप्त | | ७०११४८५४.१६ | | पूजीगत प्रदेश हस्तानन्तरण फिर्ता | ५९१६४ | |
| संघीय राजस्वबाडफाड | ६२३२४९७३.५३ | | | प्रदेश सशर्त | ४९४०८३६ | |
| प्रदेश राजस्वबाडफाड | ३४४२३४२.६३ | | ७ | प्रदेशतर्फ विशेषअनुदानतर्फ को खर्च | ३०००००० | ३०००००० |
| स्थानीय तहराजस्व बाडफाड | ४३४७५३८ | | ८ | बिषयगत निकाशा तर्फ | | १४५०६५९९० |
| अन्य निकायबा६हस्तान्तर तर्फ | | १३९०५९५८ | | गरिबसग विशेश्वरकार्यक्रम | ४६०५०० | |
| विविध रकम सडकबोर्ड तथा युनिसेफ समेत | १३५५३५०८ | | | सामाजिक सुरक्षा तथासंरक्षण | १४४६०५४९० | |
| PLGSP बाटप्राप्त | ३५२४५० | | ९ | विविध खर्च सडक बोर्डसमेत | १७९४६६३१ | १७९४६६३१ |
| आन्तरिक आयतर्फ | ५०७८३४२ | ५०७८३४२ | १० | धरौटी फिर्ता | ८२८८५६७.३६ | ८२८८५६७.३६ |
| यस बर्षकोधरौटी प्राप्त | ६३२१५७७.०९ | ६३२१५७७.०९ | ११ | बैंक मौज्दात | | ४६५११४३२.६१ |
| बिषयगतनिकासातर्फ | | १४५०६५९९० | | संचित कोष | ० | |
| सामाजिकसुरक्षा तथा संरक्षण | १४४६०५४९० | | | विविध खर्च खाता | २५१७१५.५९ | |
| गरिबसगविशेश्वर कार्यक्रम | ४६०५०० | | | आन्तरिक राजश्व खर्चखाता | ५६९१३९२.५६० | |
| | | | | चालु खर्च खाता | ३९६३५९१९.९६ | |
| | | | | पूजिगत खर्च खता | ६७९७१८ | |
| | | | | आन्तरिक अनुदान खाता | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थानीय तह प्रकोपव्यवस्थापन खर्च खाता | २५२६८६.५ | |
| | | | १२ | धरौटी मौज्दात | १०४७१८४७.१८ | १०४७१८४७.१८ |
| | ७७७४०७५४०.९७ | ७७७४०७५४०.९७ | | जम्मा | ७७७४०७५४०.९७ | ७७७४०७५४०.९७ |

सैद्धान्तिक बेरुजु

## ३ वित्तीय विवरण परीक्षण

३.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४,४६,०५,४९०, गरिब संग विश्वेस्वर कार्यक्रम रु. ४६०५०० समेत रु. १४५०६५९९० सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक हिसाव —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. १३१८९९७९७.०९ यस वर्षको भुक्तानी रु.

१४४१७५९४९र बैङ्क मौज्दात रु ५६९८३२७९.७९ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ती (आय) | यस वर्षको भुक्तानी(व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २०४५८४१०५.०४ | ४४२०८७८९५.८४ | ५७७४१२५६९.१८ | ६९२५९४३१.७० |
| एकीकृत आर्थिक विवरण अनुसार | २०४५८४१०५.०४ | ५७३९८७६९२.९३ | ७२१५८८५१८.१८ | ५६९८३२७९.७९ |
| फरक | 0 | (१३१८९९७९७.०९) | (१४४१७५९४९) | १२२७६१५१.९१ |

सैद्धान्तिक बेरुजु

३.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु. २०३३२४३५५.६२ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु. २०४५८४१०५.०४ जिम्मेवारी सारेको देखिएकोले रु. १२५९७४९.४२ बढी जिम्मेवारी सारेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३.५ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| चालु खर्च खाता | ३९६३५९१९.९६ | ० | ० |
| पुंजीगत खर्च खाता | ६७९७१८ | ० | ० |
| विविध खर्च खाता | २५१७१५.५९ | ० | ० |
| विपद व्यवस्थापन खाता | २५२६८६.५ | ० | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी मौज्दात | १०४७१८४७.१८ | ० | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ५६९१३९३.५६ | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क मौज्दात | ५६९८३२८०.७९ | ० | ० |

पालिकाले बैङ्क स्टेटमेन्ट पेश नगरेकोले श्रेस्ता र बैङ्क स्टेटमेन्ट बीच फरक यकिन गर्न सकिएन। पालिकाले हिसाब मिलान गरी एकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.६ **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ३९६३५९१९.९६ पुंजीगत खातामा रु. ६७९७१८, आन्तरिक राजश्व खातामा रु ५६९१३९३.५६ समेत रु. ४६००७०३१.५२ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.७ **दायित्व भुक्तानी —** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु. ७८०० देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८०० |

४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार ११ गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।०३/११ मा रु. ६६ करोड ६१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९/३/११ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।६/२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २५० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ११८ | १८ | ४६ | ५४ |
| २. | वडा स्तरीय | १३२ | १ | ४३ | ८८ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा

निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २१० योजनामात्र कार्यान्वयन भई ४० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ४६५५०० आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु २३ करोड ९७ लाख भएकोमा प्रथम चौमासिक रु. ८० लखा ४१ हजार , दोश्रो त्रै चौमासिक मा रु. ३ करोड ५८ लाख , तेस्रो चौमासिकमा रु. १४ करोड ४८ लाख र असार महिनामा मात्रै रु. ९ करोड. ५७ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **शसर्त अनुदान फिर्ता —**

*........... (प्रारम्भिक प्रतिवेदन उपर शसर्त अनुदान फिर्ता प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२३ मा रु. ३,२५,११५।- सम्परीक्षण गरिएको।)*

९ **आन्तरिक नियन्तण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु. ७९ लाख ८० हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ५५ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १५ लाख २७ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.५२ लाख ७४ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राही छनौछ आधार तय गरेको छैन। साथै पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन, गरिएका अनुगमनको अभिलेख समेत राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१० **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ७ कार्यक्रमको लागी रु. २४१४११६३ पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्यौंट गर्नुपर्दछ ।

| नाम | पेश्की विवरण | रकम |
|---|---|---|
| बंगलामुखी। सिवाको । रायुष जे.भी. | वाटर फन पार्क वडा न १ | १६,२६,००० |
| अंशुमन एण्ड एसोसिएट्स प्रा.लि. | कुनौली ईनरुवा सडक खण्डको कोईलाडी चौक देखि कुशहा सम्म (जण्डौल कुशह सडक खण्ड) सडक निर्माण कार्य | ४०,००,००० |
| बंगलामुखी। सिवाको । रायुष जे.भी. | सास्कृतिक पार्क निर्माण वडा १ | १६,२६,००० |
| बंगलामुखी। सिवाको । रायुष जे.भी. | अन्य सम्पुरक | ३७,४७,००० |
| अंशुमन एण्ड एसोसिएट्स प्रा.लि. | कुनौली ईनरुवा सडक खण्डको कोईलाडी चौक देखि कुशहा सम्म सडक निर्माण कार्य | २५,००,००० |
| कमला भगवती निर्माण सेवा | प्रदेश समपुरक अनुदान पुजीगत वडा ७ को वडा कार्यालय भवन निर्माण कार्य | १६,००,००० |
| बाबा धर्मराज निर्माण सेवा | वडा नं ५ मा स्मारक देखी देवराम शर्माको घरसम्म नाला निर्माण बनरझुला | ९,४३,६६३ |
| श्री राजाजी आधारभूत विद्यालय बनारझुला | २ वा ४ कोठे भवन अनुदान विघालय कक्षाकोठा | ४५,००,००० |
| श्री रा प्रा वि मन्सापुर | २ वा ४ कोठे भवन अनुदान विघालय कक्षाकोठा | २२,५०,००० |
| जिता नदीमा झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | तलिाठी कोइलाडी ५ कुशाह देखिको वरसाईन गाँउमा आवत जावत सहजको लागि जत्ति खोलामा झो. पुल, | १३,४८,५०० |
| जम्मा | | २४१४११६३ |

सैद्धान्तिक बेरुजु

१२ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले सुत्र बाहिरको पश्की बाँकीको विवरण पेश गरेको छैन। सुत्रको आधारमा पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. ४८९५६५१ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| नाम | पेश्की विवरण | रकम |
|---|---|---|
| हिन्दुस्वयसेवक संघ नेपाल | आर्थिकसहायता खर्च | ५५,००० |
| स्वास्थयव्यवस्थापन समिति तिलाठी | स्वास्थ्यचौकी मा विभिन्न कार्य को लागि | १,००,००० |
| श्रीपब्लिक माध्यमिक विद्यालय | विविधभैपरी खर्च | २५,००० |
| श्री राप्रा वि मन्सापुर | वडा ७ को रा प्रा वि मन्सापुर स्कुलको भवन निर्माण कार्य | २९,१०,०० |
| श्रीउमेश्वर आधारभुत विघालय लोनियाँ | वडा२ उमेश्वर आधारभुत विघालयमा पोशाक वितरण | १,००,०० |
| श्री महुलीपशु पालन | आ.व.२०७८/७९ मा स्थापना भएको गाई/भैंसी पकेट | ६,००,००० |
| राधा कृष्णभैसी पालन कृषक समुह ५ | आ.व.२०७८/७९ मा स्थापना भएको गाई/भैंसी पकेट विकास कार्यक्रमको निरन्तरता | ६,००,००० |
| श्रीउमेश्वर आधारभुत विघालय लोनियाँ | वडानं. २ अन्तर्गत सामुदायिक विद्यालयहरुमाआवश्यकता अनुसार को काम | ८७,८५१ |
| श्रीजनता माध्यामिक विधालय तोपा | पानी तथाबिजुली | ६०,००० |
| दिपेन्द्रकुमार | रोजगारसेवा केन्द्रको सँचालन खर्च | १,५०,००० |
| ॐ श्रृजन कृषि सहकारी संस्था लि. | विविधकार्यक्रम खर्च मालपोत कार्यालय सप्तरी बाट प्राप्त आमदानी | २,००,००० |
| शैलेन्द्र कुमार सिंह | बजारीकरणमासहयोग गरिबी निबारण लघु उघम२०७७ | ९४,४०० |
| शैलेन्द्रकुमार सिंह | गरिबीनिवारणका लागि लघु उद्यम विकास कार्यक्रम | १,६५,२०० |
| शैलेन्द्रकुमार सिंह | वित्तियसेवामा पहुँच गरिबी निबारण लघु उघम२०७७ | ७०,८०० |
| शैलेन्द्रकुमार सिंह | प्राविधिकशिप विकास तालिम लघु उघम२०७७ | ८,२६,००० |
| शैलेन्द्रकुमार सिंह | गरिबीनिवारणका लागि लघु उद्यम विकास कार्यक्रम | ४,००,००० |
| राजेशकुमार झा | CFLG PROGRAM, UNICEF | ७,८८,९०० |
| राजेशकुमार झा | CFLG PROGRAM, UNICEF | ७१,५०० |
| शैलेन्द्रकुमार सिंह | जेष्ठनागरीक सम्मान कार्यक्रम | ५०,००० |
| शैलेन्द्रकुमार सिंह | जेष्ठनागरिक दिवशको उपलक्ष्यमा जेष्ठ नागरिक सम्मान कार्यक्रम | २,५०,००० |
| जम्मा | | ४८९५६५१ |

| | |
|---|---|
| पेश्की | ४८,९५,६५१ |

१३ **धरौटी फिर्ता र मौज्दात** - पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको एकिकृत आ वि मा धरौटी तर्फ देखिएका व्यहोरा निम्न छन्।

१३.१ चालु आ व मा धरौटी फिर्ता रु. ८२८८५६७.३६ रहेकोमा सुत्रमा रहेको धरौटी खातामा रु. ९२४५५२७.३६ फिर्ता भएको देखिन्छ। एकिकृत आ वि र सुत्र बीच फरक रहेको रकम रु ९५७००५ को हिसाब मिलान पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५७,००५ |

१३.२ पालिकाले पेश गरेको आ वि मा धरौटीको बाँकी मौज्दात रु. १०४७१८४७.१८ रहेको र सुत्रमा मौज्दात रु. ८४७७२९८.६९ रहेकाले फरुक परेको हिसाब मिलान गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३.३ पालिकाको व्यक्तिगत धरौटी खाता अनुसार गत वर्षको अल्या बाट बलेश्वर यादवको रु. २००००० धरौटी बाँकी रहेकोमा गो भौ च नं ५-०७/३ र १२-७/३ बाट क्रमश २ लाख र २ लाख गरी ४ लाख धरौटी फिर्ता गरेको देखिन्छ। बढि धरौटी फिर्ता असुल रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

१३.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ६४ मा कार्यालयले व्यक्तिगत धरौटी धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी नियम ६८(घ) मा कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैङ्क खातामा रहेको रकम राजस्वमा आम्दानी बाध्ने भनेको छ। पालिकाले नाम नखुलेको धरौटी भनि रु.५७१२८४.५३ र तिलाठी कोइलाडी गाउँपालिका को नाममा रु.५२४३१२९.७५ समेत रु. ५८१४४१४.२८ व्यक्तिगत धरौटी खातामा अभिलेखिकृत गरेको देखिन्छ। पहिचान र प्रयोजन नखुलेको रकम यकिन गरी राजस्व खातामा आम्दानी बाध्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,१४,४१४ |

१४ **परामर्श तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| कुनौलि जण्डोल सड्क | मुन एण्ड अंजली ईन्जिनियरिङ कन्सल्टेन्सि प्रा.ली | ५०००००।- | ४१२,२६३।- | |
| जम्माः | | ५०००००।- | ४१२,२६३।- | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५ **असम्बन्धित निकायका लागि खरिद -** पालिकाले तो पा PHC LAB का लागि भनि INVITOR, SOLSR, DESTOP COMPUTER WITH MONITOR , UPS STAVLIZER, PRINTER, लगायत विद्युतिय सामाग्री GLOABLE ANGEL P.V.T बाट खरिद गरी रु ४८७३३७ भुक्तानी गरेको देखियो। उपरोक्त स्रेस्ता परीक्षण गर्दा पालिकाले PHC LAB को लागि खरिद गरेको उपरोक्त सामान मध्ये DESTOP COMPUTER WITH MONITOR चार थान DELTA UPS ६५० VA १ थान र EXTENSION CODE X LAB एक थान जिल्ला प्रहरी कार्यालय सप्तरी राजविराज लाई बुझाएको हस्तान्तरण फारम देखियो । तसर्थ PHC LAB का लागि खरिद सामाग्रीको हस्तान्तरण जि.प्र.का मा हुदाँ उपरोक्त सामानको दाखिला यकिन गर्न नसकिने भएकोले हस्तान्तरण भएको निकायमा उपरोक्त सामानको दाखिला भएको प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७२,५६१ |

१६ **खर्चमा मितव्ययिता -** पालिकाले कन्टिन्जेन्सी खाता राखि तोकिएको नम्सअनुसार खर्च लेख्नुपर्नेमा यस्तो खाता नराखी सशर्त प्रदेश पुँजिगततर्फ रु.३०००००।— र संघिय सशर्त पुँजिगत शिर्षकतर्फ रु.३०००००।— गरी जम्मा रु.६ लाख ईन्धन खर्च पुँजिगत शिर्षकबाट लेखेको देखियो । यस्तो खर्च नम्सभित्र रहेको यकिन गर्न सकिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१७ **RCC सडक ढलान -** पालिकाले यसबर्ष विभिन्न वडामा लागत अनुमान र इस्टेमेट बनाई RCC सडक ढलान गरको देखियो। उपरोक्त स्रेस्ता परीक्षण गर्दा ESTIMATE अनुसारको QUANTITY मा कम बढी QUANTITY को USER BILL MEASUREMENT BILL र WORK COMPLETION REPORT जारी भएको देखियो। उपरोक्त अनुसारको काममा ग्राभेलिङ EARTHFILLING र RCC ढलानको काम बढेको र TMT को QUANTITY घटेको कतै EARTH FILLING को काम बढेको ग्राभेलिङ को काम घटेको लगायतको अवस्था देखियो ।उपरोक्त योजना अनुगमन मुल्याङ्कन प्रतिवेदनमा ESTIMATE अनुसारको गुणस्तरीय निर्माण कार्य भएको भनि उपाध्यक्षको हस्ताक्षर गरेको देखिएन् । यस्तो अवस्थामा देहाय अनुसारको निर्माण कार्यमा ESTIMATE अनुसार गुणस्तरीय निर्माण कार्य भएको भनि आश्वस्थ हुन सकिएन् ।

| क्र.स | योजना/कार्यहरु | भुक्तानी भएको रकम | QTY घटेको ITEM | QTY बढेको ITEM |
|---|---|---|---|---|
| १ | वडा नं ८ को हरिप्रसाद शाहको घर देखि हरिमन खगको घर सम्म ढलान कार्य | १,९३,४५२ | Tmt को Qty ५६७ ले कम | Gravelling RCC work |
| २ | स्मारक देखि नारायण राउतको गोदाम सम्म माटो ग्राभेल | १२,९०,३८१ | ग्राभेलिङ ८३.०५घ.मि. ले कम | Earth filling ५६२.१४ ले बढी |

सैद्धान्तिक बेरुजु

१८ **कार्यक्रम संसोधान** - श्रीराम सप्लायर्सलाई विज्ञान ल्याव सामाग्री वापत रु. ९८७६३५।०० भुक्तानी भएको देखियो । वडा नं. ४ कार्यालयबाट विभिन्न ८ वटा निर्माण कार्यको संशोधन गरी प्रयोगशाला उपकरण खरिद, बिजुली बत्ती जडान, विविध भैपरी र निर्माण कार्य (३ वटा) नयाँ योजना रहने भनी योजना संशोधन सम्बन्धमा गाउँ कार्यपालिका कार्यालयमा पठाएको देखिन्छ । साथै गाउँ कार्यपालिका एवं गाउँसभाबाट यस्तो संशोधित योजना स्वीकृत गरेको देखिएन । यस प्रकार वडा कार्यालयबाट निर्माण कार्यको योजना संशोधन गरी उपकरण सामाग्री खरिद गर्ने योजना रहने निर्णय गरी गरेको खरिद कार्य नियम संगत देखिएन ।

सैद्धान्तिक बेरुजु

१९ **मुआव्जा वितरण** - खाँडो नदी प्रभावित कृषि खेती किसानहरु चौध जनालाई तेश्रो र आठ जनालाई दोस्रो किस्ता मुआब्जा अनुदान जम्मा रु. ५,५९,५५०।०० भुक्तानी भएको देखियो । साथै गो.भौ.नं. ९०/२०७९-११-१६ बाट समेत १४ जनालाई तेश्रो र ८ जनालाई दोस्रो किस्ता वापत रु.९,२६,५००।— भुक्तानी भएको देखियो । खाँडो नदी नियन्त्रण कार्यका लागि खाँडो नदी नियंत्रण आयोजना जिल्लामा अवस्थित रहेको र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला विपद व्यवस्थापन समिति समेत रहेको छ । उपरोक्त अनुसारको मुआब्जा वितरणमा जिल्ला विपद व्यवस्थापन समिति बाट कुनै पनि निर्णय भएको देखिएन । साथै जिल्लामा अवस्थित आयोजना कार्यालयबाट समेत यस्तो मुआब्जा वितरण भएको हुन सक्ने हुँदा यस्तो मुआब्जा रकम वास्तविक हो भनी यकिन गर्न सकिएन । जिल्ला विपद व्यवस्थापन समितिको निर्णय, पालिकाको निर्णय, मुआब्जाको आधार लगायतका कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,८६,०५० |

२० **खरिदमा प्रतिस्पर्धा —**

*........... (प्रारम्भिक प्रतिवेदन उपर बढि दर रेट बापत असुल भएको आधारमा मिति २०८०।१।२३ मा रु. २१,१४७।- सम्परीक्षण गरिएको।)*

२१ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** राष्ट्रपति शैक्षिक कार्यक्रम अर्न्तगत श्री रा. प्रा. वि. मुसापुर को चारकोठे भवन निर्माण कार्यको लागी स्वीकृत बजेट रु.४५,००,०००/-को ५०% ले हुने रकम रु २२,५०,०००/- विद्यालयको खातामा एकमुष्ट पेश्की निकासा गरेको देखियो । पालिकाले सम्झौता अनुसार ३०% पेश्की दिनुपर्ने मा ५०% पेश्की निकासा गरेको साथै उपरोक्त पेश्की रकम विद्यालयको खातामा रोक्का समेत गरेको देखिएन् । त्यस्तै मिती २०८०-०३-२० गते कार्य सम्पन्न गर्ने गरी म्याद तोकिएकोमा निर्धारीत मिति भित्र कार्य सम्पन्न एवं पेश्की फर्छ्यौट नभएको हुदाँ उपरोक्त निमार्ण कार्यको भौतिक प्रगति यकिन गर्न सकिएन् । सो कार्यको प्रगति विवरण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,५०,००० |

२२ **खर्चको स्रोत मिलन गर्नु पर्ने** - सार्वजनिक निकायले जुन स्रोत बाट रकम बिनियोजन गरिएको छ, सोहि शिर्षक बाट खर्च लेख्नु पर्दछ । पालिकाले सडक ढलान तथा मन्दिर मर्मतका लागि पालिका तथा उस बीचको सम्झौताको कागजातमा सो योजनामा सडक बोर्ड तर्फ बाट रु.६९१७८४ र बाँकी पालिका तथा उस ले व्यहोर्ने उल्लेख छ तर पालिकाले उस लाई सडक बोर्ड को स्रोत बाट रु. ७४७७१६ भुक्तानी गरेको देखिन्छ, सम्झौता बिपरित सडक बोर्ड स्रोत बाट बढी लेखिएको खर्च रु. ५५९३२ सडक बोर्ड बाट शोधभर्ना नहुने जोखिम रहेकोले पालिका ले समयमै सो खर्चको स्रोत मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,९३२ |

२३ **परामर्श तथा डीपीआरखर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरिएको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यो वर्ष परामर्शदातावाट डी पी आर तयार गर्ने कार्य गराइ देहाय वमोजिम भुक्तानी गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| यातायात सडक गुरु योजना | Powerpoint Engineering consultancy Pvt.Ltd. | १९५०००० | १९४२४७० |
| आवधिक योजना | Teletronics innovation Pvt.Ltd | १५००००० | १४८९९०७ |
| बर्थिंग सेन्टर भवन | Kajal Engineering Pvt.Ltd. | ५००००० | ४९६०७० |

| | | |
|---|---|---|
| जम्मा: | ३९५०००० | ३९२८४४७६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम कै रकम खर्च गरेको उपयुक्त देखिएन। डीपीआर गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्ति बाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **अग्रिम कर** - विभिन्न सडक निर्माण कार्य उपभोक्ता समितिलाई भुक्तानी गर्दा मुल्यांकन रकम बाट बिगतमा दिइएको पेश्की रकम रु १७ लाख लाई भुक्तानी मानी बाँकी रकम मात्र बजेट खर्च लेखि कर कट्टा गरिएकोले सो १७ लाख पेश्की लाइ खर्च मानी सो बापत न्युनतम १.५% अग्रिम कर कट्टा गर्दा पनि रु २५५०० असुल हुने देखिएकोले सो रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

२५ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रक्रियामा सबैलाई सहभागी हन समान अवसर प्रदान गर्न बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.१० लाख भित्रको लागत अनुमान तयार गरी बिभिन्न आपूर्तिकर्ताबाट सोझै खरिद गरी भुक्तानी दिएकोछ । वार्षिक कार्यक्रम अनुसार आवश्यक प्रकृया मिलाई प्रतिस्पर्धात्मक तरिकाबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्ने कार्य नियमसम्त देखिएन। एकै प्रकृतिको कार्य सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। एकै प्रकृतिका सोझै खरिदका केहि उदाहरणहरु निम्न छन्।

| गो.भौ | कामको प्रकृति | फर्म/आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| २९ स्वास्थ्य पालिका | स्टेशनरी तथा छपाई | एकता अफसेट प्रेस | रु.४००००० |
| ३० स्वास्थ्य पालिका | स्टेशनरी तथा छपाई | एकता ट्रेडर्स एण्ड सप्लायर्स | रु.७६३५५७ |
| १२६ पूँजीगत | बोरा जाली | नमन ट्रेडर्स | रु.९६०२५१ |
| १५० पूँजीगत | बोरा जाली | मिश्रा सप्लायर्स एण्ड ट्रेडर्स | रु.९५००४८ |

| | | | |
|---|---|---|---|
| २५६ पूँजीगत | बोरा जाली | सागर ट्रेडर्स एंड सप्लायर्स | रु.९६१३९९ |
| ५० पूँजीगत | फर्निचर | एस के फर्निशिंग | रु.८६३१५० |
| १४२ पूँजीगत | फर्निचर | आरोही क्रियशन | रु.९९२७०५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **मु.अ.कर समायोजन** - आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखि को ठेक्का वा करार अन्तर्गतको भुक्तानी मा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले गो भौ ३० बाट एकता ट्रेडर्स एण्ड सप्लायर्सलाई दिएको भुक्तानीमा मुअकर बापत रकमको ३०% रु २६३५२ हुनुपर्नेमा रु.९००० मात्र कट्टा गरेको देखियो। सो बीलको मुअकर समायोजन पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५७,६८० |

२७ **बढी भुक्तानी-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर श्यामा कन्ट्रक्सनबाट बढि भुक्तानी बापत असुल भएको आधारमा मिति २०८०।१।२३ मा रु. १३,९६०।- सम्परीक्षण गरिएको।)*

२८ **AC खरिद**

२८.१ पालिकाले जिल्ला प्रहरी कार्यालयको माग फारम राखी उपयुक्त अनुसारको ३ वटा AC खरिद गरेको देखियो । यसरी असम्बन्धित निकायको लागि पालिकाबाट AC खरिद भएको साथै जडान प्रतिवेदन प्राविधिक परीक्षण प्रतिवेदन हस्तान्तरण प्रतिवेदन समेत संलग्न नहुँदा उपरोक्त ३ वटा AC के कस्तो अवस्थामा कहाँ रहेको भनी एकिन गर्न सकिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८.२ पालिकाले मौजुदा सूचीमा दर्ता नरहेको ३ वटा फर्मसंग दर रेट माग गरेको देखिन्छ । साथै दर रेट पेश गर्ने हुमा जनरल स्टोर राजविराज कस्मेटिक तथा अन्य श्रृङ्गारको कारोवार गर्ने र हुमा स्टोर्स एण्ड सप्लायर्स किचन मसलन्द विविध समानको कारोवार गर्ने फर्ममा दर्ता रहेको देखिन्छ । यस प्रकार इलेक्ट्रोनिक्स कारोवार गर्ने फर्म बाहेकको फर्मसँग दर रेट माग गरी कस्मेटिक एण्ड श्रृङ्गारको कारोवार गर्ने फर्म हुमा

जनरल स्टोर्ससंग प्रति एकाई १,४५,०००।— को दरले जम्मा रु. ४९१५५०।०० (भ्याट सहित) मा खरिद गरेको नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९१,५५० |

२९ **जिन्सी दाखिला प्रतिवेदन** - सार्वजनिक खरिद नियमावलीको नियम नियम ९५ मा कार्यालयलाई खरिद गरी वा हस्तान्तरण भई आएका सम्पति तथा जिन्सी को विवरण जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ।पालिकाले खरिद गरेका परामर्श सेवा बाट प्राप्त प्रतिवेदन जिन्सी दाखिला गरेको देखिएन ।लेप क्रममा देखिएका देहायका परामर्श सेवाको जिन्सी दाखिला गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| बर्थिंग सेन्टर भवन | Kajal Engineering Pvt.Ltd. | ५००००० | ४९६०७० |
| जम्माः | | ५००००० | ४९६०७० |

*(प्रारम्भिक प्रतिवेदन उपर २ वटा परामर्श साव खरिद गरी जिन्सी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२६ मा रु. ३४,३२,३७७।- सम्परीक्षण गरिएको।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९६,०७० |

३० **विद्यालय भवन निर्माण** - वडा नं. ५ को राजाजी आधारभूत विद्यालय वनरझुलाको चारकोठे पक्की भवन निर्माणको लागी स्वीकृत बजेट रकम रु. ४५,००,०००/- विद्यालयको खातामा एकमुष्ट पेश्की निकासा गरेको देखियो । पालिकाले विद्यालय व्यवस्थापन समिती र विद्यालयको प्र.अ स मिति २०८०।०२।०३ मा सम्झौता गरी मिति २०८०/०३/१५ (४५) दिन भित्र कार्य सम्पन्न गर्ने उल्लेख छ । त्यस्तै उपरोक्त सम्झौतामा सम्झौता पश्चात् ३०% पेश्की दिने, Foundation सम्मको निमार्ण कार्यको भौतिक प्रगति अनुसार ३५% भुक्तानी दिने र कार्यसम्पन्न पश्चात् बाँकी ३५% भुक्तानी दिने उल्लेख छ । पालिकाले उपरोक्त कार्यको लागी रु.५६,५३,७३२।६९ को लागत अनुमान तयार गरे तापनि लागत अनुमानमा पालिका र उपभोक्ता समितीको अंश नछुट्टाएको साथै लागत अनुमान समेत स्वीकृत नभएको देखियो । यसरी सम्झौता विपरीत ३०% भन्दा बढी एकमुष्ट विनीयोजीत रकम विद्यालयको खातामा पेश्की निकासा गरेको साथै रीतपूर्वक मापदण्ड अनुसार लागत अनुमान स्वीकृत समेत नगरेको ले यस्तो कार्य नियम सम्वत् देखिएन । त्यस्तै तोकिएको म्याद भित्र पेश्की फर्छ्यौट समेत नगर्दा विद्यालय भवनको भौतिक प्रगति प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

३१ **उपभोक्ता समितिवाट खरिद व्यवस्थापन** - पालिकाले यसवर्ष अधिकांश गत वर्षमा उपभोक्ता समितिले गरेका तथा यस वर्ष संचालित भएका निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राहि समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राहि समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।

• उपभोक्ता समितिहरुबाट सम्पन्न भएका निर्माण कार्यहरूको पर्याप्त पुष्ट्याईं तथा विश्वसनीयताको लागि निर्माण कार्य पूर्व तथा निर्माण कार्यसम्पन्न भइसके पश्चातको तस्विरहरु भुक्तानी श्रेस्तासाथ राख्नुपर्नेमा अधिकाँश योजनामा सो अनुरुप प्रमाणकागजात राखेको देखिएन । यसरी निर्माण कार्यको स्पष्ट प्रमाण राख्ने गरेको नदेखिएकोले सो सम्बन्धमा ध्यान दिइ प्रमाण कागजात र अभिलेखीकरण व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

• उपभोक्ता समितिहरुले पेश गरेको अधिकांश निर्माण कार्यहरुमा ग्राभेल, माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेस गर्न लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका, उपभोक्ता समितवाट हुने प्रकृतिका लगायतको आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत आवको योजनाको भुक्तानी गर्दा तथा यसबर्ष सँचालन भएका योजनाहरु उपभोक्ता समितिलाइ हस्तान्तण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट

सिक्नुपर्ने सिकाई लगायको व्यहोरा सहित अपनत्व कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यविधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• **उपभोक्ता समितिको न्युन योगदान** -पालिकाले उपभोक्ता समितिको योगदान १० प्रतिशत मात्र राखी सम्झौता र भुक्तानी गर्ने गरेको देखियो ।कच्चा पदार्थको उपलब्धता तथा सामाग्री पहुंचको हिसावले समेत सहज रहेको यस पालिकामा न्यून लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम वनाउनुपर्ने देखिन्छ ।

• **निर्माण कार्यको समय र गुणस्तर —** सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । नगरपालिकाले उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य गर्दा सिमेन्ट कंकृटिङ, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । निर्माण गराएको नापी किताब सम्लग्न गरेकोमा भुक्तानी भएका योजनाहरुको प्राविधिक परीक्षण न्युन रुपमा मात्र रहेको देखियो । cement concreting लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी ल्याव टेस्ट समेत व्यवस्थित अनुगमन प्रतिवेदन समेत संलग्न गरेर मात्र निर्माण कार्य गराउनु पर्ने देखिन्छ । संचालित हुने सम्पूर्ण योजनाहरूको गुणस्तर परीक्षण गराई तोकिएको नर्मस तथा specification अनुसार छ/छैन यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

• **ग्राभेल कार्यको गूणस्तर परीक्षण-** पालिकाले यसवर्ष अधिकांश योजना ग्राभेल बिछ्याउने कार्यमा गरेको देखियो । कम्प्याक्सन सहितको दर विश्लेषण गर्दा प्रतिघनमिटर ग्राभेल तयारी कार्यको लागि लुज ग्राभेल, ग्रेडर रोलर र पानी ट्यांकर समेतको दर विश्लेषण गरी समावेश गरी दररेट निर्धारण गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिबाट भएका निर्माण कार्यको compaction test गरेको देखिएन ।पूर्वनिर्धारित स्पेशिफिकेशन तथा लागत अनुमान अनुसार निर्माण कार्य भए नभएको सम्बन्धमा स्पष्ट पार्ने प्राविधिक परीक्षण हुनुपर्ने देखिन्छ।

• **खर्च अनुमोदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकावाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• **डोर हाजिर-** पालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्णरुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्भौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकवाट स्वीकृत डोरहाजिरी फारम भरी प्राविधिक

नम्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

• **नापी किताब प्रबिष्टी एवं अभिलेख-** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत अधिकाँश योजनामा नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा पछिल्लो थप निर्माण कार्य गराउंदा आवश्यक सूचना लिन र अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहने देखिन्छ । क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति, सम्पादीत नापजाँचको चेनेज लगायत अनिवार्य खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।

• उपभोक्ता समितिहरुले बिल भरपाईहरु पेश गर्दा सेतो कागजी भरपाईमा रकम बुझाएको दस्तखत सहितको प्रमाण राख्ने गरेको, बिल भरपाईहरु जोड जम्मा गर्ने नगरेको, सामग्रीहरु कुन ठाउँबाट ढुवानी गरेको हो खुल्ने स्थिति नरहेको र फरफारक श्रेष्ता साथ संलग्न विवरण अनुसारको कुनैपनि फारमहरू भर्ने नगरेको देखियो। यस्तो प्रकारको श्रेस्ताहरु संलग्न गरी भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वास्तविक कार्य नभई भुक्तानी हुन सक्ने लगायतका समस्या देखिन सक्ने भएकोले खरिद नियम कानूनको परिपालना अनुसार खरिद व्यवस्थापन गर्नुपर्दछ।

• पालिकाले यसवर्ष उपभोक्ता समितिलाई गत विगत वर्षका केही योजनाहरूको रनिङ तथा यसवर्षका केहि योजनाहरुको रनिङ बिलअनुसार भुक्तानी दिएकोमा योजनागत खाता राखेको देखिँदैन। यसरी योजनागत खाता नराखी थप अर्को विल भुक्तानी गर्दा भुक्तानी दोहोरो हुनसक्ने, भुक्तानी परिमाणहरू दोहोरिनसक्ने, वढी भुक्तानी हुनसक्ने लगायतका समस्याहरु देखिन सक्ने भएकोले स्पष्ट प्रमाण कागजात, योजनागत खाता तथा खर्चको आधार संलग्न गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ।

• सार्वजनिक खरिद नियमावली ९७ अनुसार उपभोक्कता समितलाइ वहुवर्षिय योजना सम्झौता गर्न नहुने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिलाइ पेश्की समेत उपलव्ध गराइ कार्य गराएको देखिएकोमा योजनागत पेश्की लगत तथा कार्य प्रगति राखेको देखिएन। पेश्कि लगत नराखी तथा आन्तरिक नियन्त्रण प्रणाली मजवुत नवनाइ भुक्तानी गर्दा पेश्की दुरुपयोग हुनसक्ने, फछ्यौट नहुन सक्ने तथा समयमा कार्य

पुरा नहुन सक्ने देखिन्छ । यसरी व्यवस्थित अभिलेख नराखी तथा कार्य प्रगति समेत नराखी पेश्की दिएको पेश्की जोखिममा परेको देखिएकोले पालिकाले कार्यप्रगति हेरर मात्र पेश्की दिनुपर्ने तथा आर्थिक वर्षको अन्तसम्म कार्यसम्पन्न नहुने उपभोक्ता समितिलाइ पेश्की दिने कार्यलाइ निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• **लागत अनुमान अनुसारको विल भरपाइ यकिनको स्थिति** - उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको विल भरपाई लागत अनुमान तथा नर्म्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा,छड, सिमेन्ट लगायतको ) अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश हुने गरेको देखियो । अधिकाँश योजनाहरुको श्रेस्तासाथ संलग्न विल भरपाइको परीक्षण गर्दा गिटी तथा वालुवाको कागजी भरपाइ संलग्न गरी पेश गरेकोमा कति परिमाण उपभोक्ता समितिवाट खरिद भयो खुल्न सक्ने स्थिति देखिएन । उपभोक्तावाट पेश भएका बिल भरपाई हरूको पालिकाबाट नर्म्स अनुसार को गणना तथा परीक्षण भएको देखिएन ।लागत अनुमान अनुसार वास्तविक बिल भरपाई यकिन समेत नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भने विश्वस्त हुने आधार देखिएन। पटकपटक रनिङ विल दिइ विलहरुमा आशिक विल भरपाइ राखे गरेकोले bill of quantity अनुसार श्रम सामाग्री तथा मेसिनरि औजारको विल भरपाइहरु मेल खाने स्थिति रहे नरहेको यकिन गर्ने स्थिति नरहेकोले प्रयोग भएका सामग्री तथा कार्यहरुमा लाग्ने वास्तविक बिल भरपाई संलग्न गराई वास्तविक खर्च यकिन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

• सार्वजनिक खरिद नियमावली २०६४ को १२ औ संसोधन अनुसार उपभोक्ता समितिबाट हुने खरिद व्यवस्थापनमा २० लाख भन्दा माथिको खरिदमा विमा गर्नुपर्ने र कार्यालयले सहजिकरण गर्नुपर्ने व्यवस्था

रहेको छ । उपभोक्ता समितिमार्फत भएको योजनाहरुको विमा गरेको देखिएन । नियमावलीको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **सुरक्षित नागरिक आवास -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी २०७५ बुँदा नं. ४ र १६ अनुसार प्रतिनिधिसभाको सदस्यसहितको सुरक्षित नागरिक आवास समन्वय समितिबाट रितपुर्वक छनौट भएका लाभग्राहीलाई पहिलो किस्ता सम्झौता पश्चात र दोस्रो अन्तिम किस्ता प्राविधिक प्रतिवेदन(अनुसुची ३) पेश भएपछि भुक्तानी हुने व्यवस्था रहेको छ । साथै पालिकाले यस्तो कार्यको स्टिमेट तयार गरी सोही अनुसार कार्य भए/नभएको प्राविधिक नापजाँच पश्चात कार्यसम्पन्न प्रतिवेदन समेत जारी गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस वर्ष देहायका लाभग्राहीलाई एकमुष्ट भुक्तानी गरेको देखियो । साथै कार्यविधिअनुसार समन्वय समितिवाट छनौटको निर्णय समेत नगराई वडा अध्यक्षको सिफारिसमा भुक्तानी गरेको देखिन्छ . पालिकाले यस्तो भुक्तानी सोझै बैंकलाई गरेको देखियो ।यसरी बैंक विवरण बेगर सोझै बैंकलाई भुक्तानी गरेकोले यस्तो रकम लाभग्राहीले प्राप्त गरेकोमा आश्वस्त हुन सकिएन ।पालिकाले प्राविधिकबाट सुपरीवेक्षण एवं कार्य सम्पन्न प्रतिवेदन तयार गरि भौतिक प्रगति देखिने प्रमाण समेत पेश नगर्दा उपरोक्त निकासा रकम को भौतिक प्रगति समेत यकिन गर्न सकिएन ।पालिकाले कार्यविधिअनुसारको प्रकृया पालना नगरेकोले समन्वय समितिबाट यस्तो भुक्तानीको सदुपयोग सम्बन्धमा छानविन गरी यकिन गर्नु पर्दछ ।साथै पालिकाले नियमानुसार छनौट नगरी वडा अध्यक्षको सिफारिसमा अनुदान खर्चको तालुक संघिय निकायबाट खर्च अनुमोदन सहित निमार्ण कार्य सम्बन्धी कागजात तथा कार्यसम्पन्न भएको प्रतिपदेनपेश गर्नुपर्ने साथै लाभग्राहीले अनुदान रकम प्राप्त गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्नेरु

| क स | भौ नं | रकम | लाभग्राहि संख्या |
|---|---|---|---|
| १ | ७/२०७९।१२।२१ | ६,२०,००० | ३१ जाना |
| २ | २२/२०८०।०३।०४ | ८,००,००० | ४० जाना |
| ३ | २९/२०८०।०३।२१ | ९,००,००० | ४५ जाना |
| ४ | ३७/२०८०।०३।२३ | ३,०००,०० | १५ जना |
| ५ | ३५/२०८०।०३।२४ | ७५६९५३० | लाभग्राहिको संख्या खुल्ने विवरण र बैङ्क विवरण संलग्न नरहेको |
| ६ | २१/२०८०।०२।२५ | २०००० | १ जना |

| | | | |
|---|---|---|---|
| | जम्मा | १,०३,८९,५३०।- | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०३,८९,५३० |

३३ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम (११०) मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ। निर्धारित अवधि सम्मको जमानत नहुँदा सम्बन्धित निर्माण व्यवसायी कार्यसम्पादन प्रति कम जिम्मेवार रहने जोखिम रहेकोले देहायका निर्माण व्यवसायी संग नियमावली बमोजिमको अवधिको कार्यसम्पादन जमानत को कागजात पेश गर्न लगाउनु पर्ने रु

| सी.न. | निर्माण व्यवसायी | योजना | सम्झौता अवधी | रकम |
|---|---|---|---|---|
| १ | कमला भगवती निर्माण सेवा | वडा न ७ को कार्यालय भवन सहित सभा कक्ष | २०८०/०३/१० बाट १ वर्ष | ४००००० |
| जम्मा | | | | ४,००,००० |

*(प्रारम्भिक प्रतिवेदन उपर ३ वटा निर्माण व्यवसायीको कार्यसम्पादन जमानत प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२६ मा रु. ३१,८४,०००।- सम्परीक्षण गरिएको।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

३४ **कानूनको परिपालना** - बिधुतिय खरिद प्रणाली संचालन निर्देशिका २०७४ को नियम ३५(३) मा ६० लाख भन्दा बढीको निर्माण कार्य खरिद गर्दा विधुतिय खरिद प्रणालीको प्रयोग गर्नु पर्ने व्यवस्था छ ।सार्वजनिक खरिदमा निर्धारित खरिद विधि पालना नगर्नाले प्रतिस्पर्धा सीमित भई सार्वजनिक निकायलाई बढी व्यय भार पर्ने जोखिम रहन्छ । पालिकाले देहायका खरिदमा विधुतीय खरिद विधि समेत अवलम्वन गर्नु पर्नेमा सो गरेको देखिएन । कानूनी व्यवस्था पालना गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| सी.न | योजनाको नाम | लागत अनुमान |
|---|---|---|
| १. | राजविराज भारदह सडक खण्ड सडक तथा नला निर्माण | रु.६३०८९६९.५० |
| २ | वडा न ७ को कार्यालय भवन सहित सभा कक्ष | रु.७२१८१३१.३० |

| | | |
|---|---|---|
| ३ | वडा न ५ अन्तर्गत श्याम बोर्डिंग स्कुल देखि बिनोद रायको घर सम्म सडक तथा नाला निर्माण | रु.६३१७२८८.९२ |

सैद्धान्तिक बेरुजु

३५ **निर्माण कार्यमा नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार, मन्त्रिपरिषद् बाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफुले गर्ने निर्माण कार्यका लागि छुट्टै नर्म्स स्वीकृत गराएको समेत देखिएन ।छुट्टै नर्म्स नभएको अवस्थामा कार्य प्रकृति अनुसार सडक बिभाग, भवन बिभाग जस्ता विशिष्टिकृत निकायको नर्म्स प्रयोग गर्नुपर्ने हुन्छ । पालिकाले यस वर्ष निर्माण गरेका सडक ढलान जस्ता निर्माण कार्यमा सडक विभागको नर्म्स प्रयोग नगरी भवन बिभागको नर्म्स प्रयोग गर्दा थप आर्थिक व्ययभार बहन गर्नुपरेको छ ।पालिकाले यस आवमा कार्यान्वयन गरेका केहि योजनाका उदाहरणहरु निम्न छन्।(सम्बन्धित व्यहोरा अनुसूचिमा समावेश गरीएको छ)

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३६ **ठेक्का व्यवस्थापन** - पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

- नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।
- भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।
- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।
- ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।
- जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।
- तयार गरिएका अभिलेखहरु खोजेका बखत तुरुन्त प्राप्त हुन सक्ने गरी फाइल व्यवस्थापन नगरेको ।

• समयमै कार्य तालिका बमोजिम कार्य नगर्ने ठेकेदारलाई कानून बमोजिम जिम्मेवार बनाउन नसकेको ।

• अधुरो ठेक्का तोडी कालो सूचिमा राख्ने कार्वाही अगाडी नबढाएको ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्नेमा नतोकेको । पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराखिएकोले सबै आयोजना मितव्ययी र दक्षतापूर्ण तरिकाले कार्यान्वयन भए नभएको सम्बन्धमा बिष्लेषण गर्न सकिएन ।तसर्थ उपर्युक्त कमजोरीहरु समयमै सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **बढी भुक्तानी -** अन्शुमन एंड एशोशिएट प्रा.लि.लाई प्रथम रनिंग बील भुक्तानी (गोभौ ३६/०८०-३-२३ संघीय पुजीगत र २६३/०८०-३-२३पालिका पुजीगत) बापत रु. ४९४३१४०.२० (मुअकर बाहेक) भुक्तानी गरेकोमा सम्झौतामा उल्लेखित ५% छुट(डिस्काउन्ट) बापत हुन आउने रु. २४७१५७ नघटाई भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७,१५७ |

३८ **ठेक्कामा अधिक व्ययभार** - सडक ढलान जस्ता सडक विभागको नर्म्स पालना गर्नुपर्ने कार्यमा भवन विभागको नर्म्स प्रयोग गर्दा ठेक्का व्यवस्थापनमा थप व्ययभार परेको देखिन्छ, पालिकाले ठेक्का लगाएका योजनामा नमुना आइटमको रुपमा लिइएको PCC for RCC grade M१५ मा रु. १०९५/घ.मी. र TMT reinforcement bar मा रु.५.५९/केजी फरक पर्दा ठेक्का व्यवस्थापनमा परेको असर को उदाहरणहरु निम्न छन।

| सी.न. | योजनाको नाम | फरक रकम | स्वीकृत लागत अनुमान | हुनुपर्ने लागत अनुमान | ठेक्का स्वीकृत रकम | असर |
|---|---|---|---|---|---|---|
| १. | स्मारक देखि देव राम शर्मा घर सम्म नाला(ठेक्का न ६) | रु.१५५३०२ | ४१,७८,८५९ | ४०२३५५७ | ४१७५५०० | वास्तविक लागत भन्दा बढीमा सम्झौता |
| २. | श्याम बोर्डिंग स्कुल देखि बिनोद राय घर सम्म सडक (ठेक्का ५) | रु.१५९७०६ | ६३१७२८८.९२ | ६१५७५८२.९२ | ६२१६८२४.१५ | वास्तविक लागत भन्दा बढीमा सम्झौता |

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **लागत अनुमान स्वीकृत गर्ने अधिकारी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१४) मा रा प तृतीय श्रेणीको कार्यालय प्रमुखलाई पांच करोड सम्मको लागत अनुमान मात्र स्वीकृत गर्ने अधिकार रहेको र सार्वजनिक निकायको प्रमुख आफूले यस नियमबमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ ।पालिकाले चालु आवमा ठेक्का न २/०७९-८० कुनौली इनरुवा सडक खण्डको कोइलारी चोक देखि कुशहा सडक निर्माण को लागत अनुमान ६२८१६७३३.२४ को स्वीकृति एक तह माथि पेश नगरी रा.प.तृतीय श्रेणीको कार्यालय प्रमुख बाटै स्वीकृत गरिनु नियम संगत देखिदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **शिर्षक फरक पारी भुक्तानी** - युवा सडक ढल उपभोक्ता समितिलाई सडक बोर्डबाट भुक्तानी हुने दोस्रो किस्ताको रकम रु. १४९९०००।०० गाउँपालिका पूँजीगत शिर्षकबाट खर्च लेखी भुक्तानी भएको देखियो । सडक बोर्ड शिर्षकबाट भुक्तानी हुने रकम शिर्षक फरक पारी खर्च लेखेकोले हिसाव मिलान गरी त्यस्तो रकम गाउँपालिका पूँजीगत तर्फ आम्दानी बाँढ्नु पर्ने रु

| प्रमाण पेश नगरेको | १४,९९,००० |
|---|---|

४१ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका चालु प्रकृतीका खर्च पूँजीगत शीर्षकबाट रु.२०३,७८८।- भुक्तानी दिएको पाईयो ।

| **क्र सं** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १ | ९/२०७९-१२-२८ | सुचना | ५३७८८।- |
| २ | १३/२०८०-१-२१ | पत्रिका र भाडा | ७५०००।- |
| ३ | २६/२०८०-३-१९ | देबकी मल्टिट्रेडलाई भुक्तानी | ७५०००।- |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | | २०३,७८८।- |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **पूर्जीगत शिर्षकबाट चालु प्रकृतिको खर्च -** यस बर्ष पालिकाले गाँउपालिका पूर्जीगत बजेट उपशिर्षक बाट भत्ता मसलन्द खरिद,पूजा व्यवस्थापन सञ्चार खर्च, भाडा तालिम मर्मत पारिश्रमिक जस्ता चालु प्रकृतिको खर्च बिभिन्न भौचरबाट जम्मा रु ८८,७५,७७४ खर्च लेखेको देखियो । पालिकाले उपरोक्त पूर्जीगत शिर्षक अन्तर्गत कन्टिङ्गजेन्सि खातामा दायित्व सिर्जना गरी निर्धारित तोकिएको मापदण्डमा रहि उपरोक्त खर्च भुक्तानी गर्नुपर्नेमा कन्टिङ्गजेन्सि खातामा दायित्व सिर्जना नगरी सोझै खर्च गरेको देखिदा यस्तो चालु प्रकृतिको खर्च तोकिएको सिमामा खर्च गरेको भनि यकिन गर्न सकिएन्।

सैद्धान्तिक बेरुजु

४३ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गर्नु पर्दछ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको स्रेस्ता परिक्षण गर्दा देहायअनुसारको व्यहोरा देखिएको छ।

**वडा नं.५ बनरझुला कुसहा बाटो निर्माण -** वडा नं.५ को राय टोलदेखि पश्चिम जाने बाटो वडा कार्यालय हुंदै दक्षिण जाने बाटो कुसहा रोडसम्मको बाटोमा माटो तथा ग्राईभेल र ह्युम पाईप जडान कार्यका लागी पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरेको देखियो । उपरोक्त कार्यका लागि पालिकाले ३१२२.४४१ घनमिटर माटो फिलिङ, २२२३ मिटरमा १०३४.८४५ घनमिटर ग्राईभेल फिलिङ गर्ने, ९८.७० मिटरमा ५१.८१८ घनमिटर RCC ढलान गर्ने र १५०५ के.जी. TMT for RCC कार्यका लागि रु.५४,७३,३३,३५१।२१ को कुल लागत अनुमान तयार गरेकोमा पालिकाबाट रु.४८,३५,७३३।५४ व्यहोर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं.४/२०८०-३-२१ बाट पहिलो रनिङ बिल रकम रु.२१,९३,८३४।— र दोस्रो रनिङ बिल रकम गो.भौ.नं. ११/२०८०-३-२४ बाट रु.२५,८५,००२।— गरी जम्मा रु.४७,७८,८३६।— भुक्तानी भएको देखियो । पालिकाले दोस्रो रनिङ बिल सम्म स्टिमेट भन्दा ३२४.८०९ घनमिटर बढी माटो फिलिङको रु.१४७,६७८।९५, RCC ढलानमा ३०.६६२ घनमिटर(५८.७०मिटर) को रु.४५२,९४७।३४ र TMT for RCC मा ९३१.४२ के.जि.को रु.१,२३,१६०।८४ बढी कामको नापीअनुसार भुक्तानी गरेको छ । त्यस्तै ग्राईभेल फिलिङ ७७९.०३ घनमिटर मात्र फिलिङ गरी रु. ७३४,१६४।६४ को कम काम भएको देखियो । साथै स्टिमेटअनुसार २ वटा होम पाईप(रु.६५०२०।-) जडान समेत नगरेको देखियो । यसरी माटो फिलिङ,ढलान र TMT को परिमाण बढाएर ग्राईभेलमा परिमाण घटाउँदा, होम पाईप जडान नगर्दा स्टिमेटअनुसार तोकिएको

गुणस्तरमा सड्क निर्माण भएकोमा आश्वस्त हुन सकिएन । सम्झौता भन्दा बढि परिमाणको कामको पुष्ट्याई र भेरिएशन आदेश पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२३,७८६ |

४४ **झोलुङ्गे पुल** - पालिका अन्तर्गत वडा नं. ५ मा पर्ने जिता नदीमा झोलुङगे पुल निमार्णको लागी उपभोक्ता समिती, Creative group of Nepal र पालिकाबिच त्रिपक्षीय सम्झौता २०८०।०१।३१ मा भएको छ । उपरोक्त सम्झौता बमोजिम मिती २०८०।०३।०१ मा कार्य संपन्न हुने उल्लेख छ । गै.स.स बाट पेश भएको DPR र लागत अनुमान अनुसार उपरोक्त पुल निमाणको कुल लागत अनुमान रु ४७,७८,४७९.७२ मध्ये उपभोक्ता समितिको अंश २६,५६९.५९ (२%), पालिकाको अंश रु २८६७०८.७८ (६%), र संघिय सरकार बाट ब्यहोर्ने रु ४३९९२०१.३४ (९२%) रहेको छ। साथै गै.स.स को सर्भिस चार्ज वापत रु २६८०७९.४९ (५.६१%) विभिन्न किस्तामा भूक्तानी हुने उल्लेख छ । उपरोक्त स्रेस्ता परीक्षण गर्दा देहायको ब्यहोरा देखिएको छ।

पालिकाले २०८०-०३-१५ सम्ममा कार्य सम्पन्न हुने उल्लेख गरी रु १३,४८,५००।- पेश्की र गो. भौ.नं. ४१/२०००।०३।२४ बाट प्रथम रनिङविल वापत रु ११,६१६७०।- गरी जम्मा रु २५,११,१७०।- भुक्तानी गरेको देखियो । संघिय सरकारबाट व्यहोर्ने अंशको ३०% ले हुने १३, १८,८६०।- यस शिर्षक बाट भुक्तानी हुनुपर्ने मा रु.२९,६४०।- बढ़ी पेश्की भुक्तानी गरेको देखियो । हालसम्म उपभोक्ता समितीलाई संघिय सरकारबाट ब्यहोर्ने अंशको ५७% भुक्तानी भै सकेतापनि स्थलगत अनुगमन गर्दा झोलुङ्गे पुलको Pile समेत पूर्ण रूपले निमार्ण भै सकेको देखिएन । तसर्थ पालिकाले उपरोक्त भुक्तानी अनुरूप एवं स्टिमेट अनुसार कार्य सम्पन्न भएको भौतिक प्रगति हुने तर्फ अनुगमन गरी समयमा योजना सम्पन्न गर्न आवश्यक निर्देशन हुनु पर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **सोलार खरिद** - पि के इन्जिनियरिङ एण्ड टेडर्स को कर विजक नं. ६ वापत रु ७५,८१६। VAT समेत रु ७६९४१६ भुक्तानी गरेको देखियो । उपरोक्त स्रेस्ता परीक्षण गर्दा खरिद गरिएका सोलार प्यानललको जडान एवं परीक्षण प्रतिवेदन संलग्न नहुदाँ उपरोक्त सोलार प्यानल के कस्तो अवस्थामा रहेको यकिन गर्न सकिएन् । तसर्थ जडान एवं प्रविधिक परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६९,४१६ |

४६ **सोझै खरिद** - पालिकाले गाउँपालिका पूजींगत बजेट उपशिर्षक बाट यस बर्ष मेशिनरी तथा औजार ईलेक्ट्रोनिक्स आइटम, फर्निचर लगायतको सामाग्री विभिन्न गोश्वराभौचर बाट रु ७८,५२,१९४ को टुक्रा टुक्रा पारी सोझै खरिद गरेको देखियो। सार्वजनिक खरिद ऐन तथा नियमावली को उपरोक्त प्रवधान अनुसार प्रतिस्पर्धी तवरले मितव्ययीता कायम हुनेगरी प्रतिस्पधी मुल्यमा खरिद गर्नुपर्नेमा पालिकाले उपरोक्त खरिद

टुक्रा टुक्रा पारी सोझै खरिद गरेकोले यस्तो खरिदमा प्रतिस्पर्धा कायम भएको र मितव्ययी प्रतिस्पर्धी मुल्यमा खरिद भएको भनि आश्वस्थ हुने आधार देखिएन्।

---

४६.१ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैंयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य र जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र र नियम ३१ अनुसार सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ६ / २०७९।१२।१३ बाट एक थान ILR रेफ्रीजेरेटर र एक थान इस्टेपलाइजर सोझै खरिद गरी आयुष टेड्रर्स एण्ड सप्लायर्स राजविराज लाई रु ३९८४९५ भुक्तानी भएको देखियो । उपरोक्त स्रेस्ता परीक्षणगर्दा पालिकाले लागत अनुमान तयार नगरी सोझै तीन वटा फर्म संग दर रेट माग गरी खरिद गरेको देखियो। साथै दर रेट माग गर्ने तिन वटा फर्म मध्ये दुई वटा फर्प मौजुदा सुचीमा समेत दर्ता नरहेको देखियो। सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था अनुसार यस्तो खरिद कार्यमा प्रतिस्पर्धा कायम भएको र प्रतिस्पर्धी मुल्यमा खरिद भएको भनि यकिन गर्ने आधार देखिएन्।

| सैद्धान्तिक बेरुजु |
|---|

४६.२ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर २० प्रतिशत लागत कट्टा असुल  प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२४ मा रु. ७,६०,७३५।- सम्परीक्षण गरिएको।)*

४७ **असारमा पेश्की -** गा पा पुजीँगत बजेट उपशिर्षक अन्तर्गत पालिकाले असार मसान्तमा विभिन्न भौचरबाट कर्मचारी पेश्की, मोबिलाईजेशन पेश्की, उपभोक्ता समिति र बिद्यालयलाई रु ६२,२८,६६३ पेश्की भुक्तानी गरेको देखियो । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायी ऐन र नियमावली को प्रवधान विपरीत पालिकाले असार मसान्तमा पेश्की भुक्तानी गर्दा तोकिएको कार्यक्रम एवं योजनाको वित्तीय एवं भौतिक प्रगति प्राप्त हुने अवस्था नरहने साथै निर्माणकार्यको गुणस्तर कायम नहुने अवस्था देखिन्छ। तसर्थ पालिकाले असारमसान्तमा बजेट खर्च गर्ने मनसायले गर्ने पेश्की भुक्तानीमा नियन्त्रण गर्नु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न तोक आदेशको भरमा सार्वजनिक निकायलाई दिइने सहयोग शिर्षक, अन्य सामाजिक सहायता शिर्षक र धार्मिक तथा सास्कृतिक सहायता शिर्षकबाट संघसंस्था र व्यक्तिहरुलाई रु.११,९०,५०० आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखाअधिकृत, जनस्वास्थ्य अधिकृत, कम्प्युटर अपरेटर सहित ५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **मोवाइल खरिद -** गाउँपालिकाले पदाधिकारीहरुको सेवा, सुविधा सम्बन्धमा सम्बन्धित प्रदेश सभाले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ। सो अनुसार मधेश प्रदेश सभाले बनाएको ऐन, सुविधा सम्बन्धित कानुनमा पालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई मोवाइल उपलब्ध गराउने व्यवस्था रहेको देखिएन। यस बर्ष मिडीया टेक संग पालिकाले ३ थान मोबाइल रु. १३५००० मा खरिद गरी खर्च लेखेको छ। यस्तो खर्च नियन्त्तण हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५१ **स्वकीय सचिव -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। साथै ऐनको दफा १४ मा ऐनले तोकेको सेवा सुविधा बाहेक थप अन्य सेवा सुविधा नपाउने भनि व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ। तर पालिकाले तिलाठी कोइलाडी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ को दफा १८ मा पालिका प्रमुख र उपप्रमुखको लागि निजि सचिवको व्यवस्था गरी निजी सचिवको रुपमा मासिक १८००० का दरले शम्भु लाल देवलाई नियुक्त गरी बर्षभरी रु १,०८,००० भुक्तानी भएको छ । पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन अनुसार थप सेवा सुविधा लिन नमिल्ने देखिएकाले उक्त खर्च नियमसम्मत देखिदैन।

सैद्धान्तिक बेरुजु

५२ **सुपरभाइजर खर्च -** पालिकाले करार सेवामा गरेको खर्चको नमुना छनौटको आधारमा परीक्षण गर्दा करार सेवामा गरेको खर्चका अतिरिक्त विभिन्न १९ व्यक्तीहरुलाई डोर हाजिरिमा सुपरभाइजरको काम गरेको भनि रु. १४५६००० खर्च गरेको देखिन्छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण को माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन नगरी पटके निर्णयद्धारा व्यक्तिहरुलाई डोर हाजिरमा राखि तलब खर्च लेखेको उचित देखिएन। यसरी दरबन्दी एकिन नगरी र बास्तविक कार्य मूल्याङ्कन द्धारा पद सिर्जाना नगरी डोर हाजिरीमा राखि पारीश्रमिक खर्च लेखिएको कर्मचारीहरुबाट भएको कार्य सम्पादन सम्बन्धमा आश्वस्त

हुन सकिएन। डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुबाट बास्तवमा कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ।विगतको म.ले.प प्रतिवेदनले समेत उल्लेख भइसकेको यस्तो किसिमको खर्च पालिकाले नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५३ **सशर्त शिक्षा तर्फ**

५३.१ **तलब निकासाः** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस गाँउपालिकाले स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन पारित गराइ सो बमोजिम निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ १७ वटा विद्यालयलाई रु.५,८७,२६,२९७ तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २५ प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित तलबि प्रतिवेदन बेगर तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दि बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवि प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने पद्धती अवलम्वन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.२ **दिवा खाजा कार्यक्रमः** तोकिएका विद्यार्थीको दिवा खाजा कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा प्रारम्भिक बाल बिकास कक्षा देखि ६ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी रु.१५.०० का दरले विद्यालय सञ्चालन भएको दिनलाइ मात्र आधार मानेर निकासा दिने दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराइ स्थानीयतहमा सँकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले दिवा खाजा वापत जम्मा रु.१,१६,१६,१२० विद्यालयको खातामा निकासा गरेको छ । यस सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी बास्तविक उपस्थित विद्यार्थी संख्याको आधारमा गणना गरी दिवा खाजा निकासा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.३ विद्यालयलाई प्रत्येक त्रैमासिक रुपमा दिवा खाजा रकम निकासा दिनुपर्ने तथा अर्को निकासाको सुदुपयोग विद्यालय प्रधानध्यापक र वि.व्य.समिति को अध्यक्षबाट विद्यार्थी संख्या यकिन गरी रकम निकासा गर्नुपर्दछ। पालिकाको विद्यालयहरुमा पालिकाबाट दिवा खाजा कार्यक्रम सञ्चालन भए नभएको, विद्यार्थी हाजिरी र

उपस्थिती अनुपात समेटिने अनुगमन निरीक्षण प्रगति प्रतिवेदन पेश गरेको छैन। दिवा खाजा अनुदानको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३.४ **अनिवार्य अवकाशः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावाली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक पर्ने बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको परीक्षण गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस बर्ष पालिका अन्तर्गतका निम्न विद्यालयहरुमा कार्यरत शिक्षकहरु अनिवार्य अवकाश हुँदा पाउनुपर्ने तलब भत्ता दिनु पर्ने दिन भन्दा दिनको दिइएको बढि तलब र पोषाक बापत असुल हुनुपर्ने रु.

| नाम | विद्यालय | अवकाश मिति | व्यहोरा | रकम |
|---|---|---|---|---|
| हरेराम मण्डल | श्री जनता मा.वि. तोपा | २०७९/ ६/१७ | १३ दिन बढीको तलब भुक्तानी | २२०१० |
| कुसुम देवि मण्डल | उमेश्वर आधारभुत विद्यालय | २०७९/ ११/०३ | चैत्र महिनाको पोषाक भुक्तानी | १०००० |
| जम्मा | | | | ३२०१० |

| असुल गर्नुपर्ने | ३२,०१० |
|---|---|

## ५४ शिक्षा तर्फ

५४.१ पालिकाले प्रधानाध्यापकहरुको मासिक बैठक खर्च वापत रु. १,१०,७००।- राजेश कुमार झाको पेश्की फर्छ्यौट गरिएको छ ।पालिका भित्रको विद्यालयको १८ जना प्रधानाध्यापकलाई पालिकामा भएको बैठकमा आवत जावतको लागि रु. १०००।- को दरले ५ दिनको यातायात खर्च १ जनाको ५०००।- ले जम्मा रु. ९२,०००।- भुक्तानी भएको देखियो । यसरी ३२.९१ वर्ग कि.मी. क्षेत्रमा फैलिएको पालिका भित्र यातायात खर्च १०००।- को दरले भुक्तानी हुनु स्वभाविक देखिएन । यसरी रु. ५००।- बढि दरले भुक्तानी भएको रकम सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४७,००० |
|---|---|

५४.२ **प्रधानाध्यापक बैठकः** श्रेस्ता परीक्षण गर्दा मिति २०७९-०५-०८, २०७९-०६-०७, २०७९-०७-०४, २०७९-०८-०८, २०७९-०८-२१ गरी ५ पटक बैठक बसेको माइन्युट पेश भएको देखियो । मिति २०७९-०६-०७ गते शुक्रवारका दिन १७ जना सहभागी बडा दशैंको शुभकामना साटासाट गर्न बैठक बसेको, २०७९-०७-०४ गते १८ जना सहभागी भई दिपावली तथा छठ पर्वको शुभकामना साटासाट गरेको र मिति २०७९-०८-२१ मा २० जना सहभागी भएको बैठक विना एजेन्डा बसेको माइन्यूट परीक्षण गर्दा देखियो । साथै प्रधानाध्यापकको उपरोक्त बैठक मासिक १ पटक बस्नु पर्नेमा २०७९ मंसिर महिनामा ८ गते र २१ गते २ पटक बसेको देखियो । तसर्थ वास्तविक एजेन्डा विहिन र एउटै महिनामा २ पटक बसेको बैठकको यातायात खर्च रु. २७,५००।- र खाजा खर्च १०,१२०।- गरी जम्मा ३७,६२०।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,६२० |

५४.३ **सामाजिक परीक्षण प्रतिवेदनः** पालिका अन्तर्गतका विद्यालयलाई सामाजिक परीक्षण बापत रु १९०००० भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा १७ वटै विद्यालयबाट सामाजिक परीक्षण प्रतिवेदन पेश नभएकोले पेश गर्ने अन्यथा असुल गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९०,००० |

५४.४ **विधालय अनुदान-** पालिकाले १७ वटा विद्यालय संचालन तथा अनुदान वापत रु. ८,६७,०००।- भुक्तानी दिएको छ । ४ वटा विद्यालयलाई विद्यालय सुधार योजना वापत २०,०००।- दरले र १३ वटा विद्यालयलाई १५,०००।- दरले गरी जम्मा २,७५,०००।- भुक्तानी भएको छ । त्यस्तै ४ वटा विद्यालयलाई सामाजिक परीक्षण वापत रु. १५०००।- को दरले र १३ वटा विद्यालयलाई रु. १०००।- को दरले गरी जम्मा १,९०,०००।- भुक्तानी दिएको छ । लेखापरीक्षणको क्रममा उपरोक्त विद्यालयलाबाट निर्माण गरिएको विद्यालय सुधार योजना माग हुँदा १२ वटा विद्यालयबाट मात्र विद्यालय सुधार योजना पेश भएको र ५ वटा विद्यालयबाट वि.सु.यो. पेश नभएकोले उपरोक्त विद्यालय सु.यो पेश गर्ने अन्यथा असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,००० |

५४.५ **दलित वालवालिकालाई स्टेशनरी सामाग्री सहयोग-** पालिकाले दलित वालवालिकालाई स्टेशनरी सामाग्री सहयोग कार्यक्रमका लागि विभिन्न स्टेशनरी खरिद वापत आर.के. ट्रेडर्स एण्ड सप्लायर्सलाई कर बिजक नं. ३७ को रकम रु. ४,९९,६८६।- भुक्तानी भएको छ । श्रेस्ता परीक्षण गर्दा कुन विद्यालयको कति दलित विद्यार्थिलाई स्टेशनरी वितरण गरेको भरपाई विवरण संलग्न गरेको देखिएन । तसर्थ यस्तो खर्च भुक्तानी

वास्तविक र यथार्थ हो भनी यकिन गर्न सकिएन । तसर्थ IEMIS रिपोट अनुसार दलित विद्यार्थीको विवरण खुल्ने गरी देहायको स्टेशनरी सामाग्री वितरणको भरपाई पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

| क.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | ईरेजर | ९३५थान |
| २ | डटपेन | ४२००थान |
| ३ | पेन्सिल | ४४००थान |
| ४ | काँपी | ८३८०थान |
| ५ | कटर | ९२५थान |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,६८६ |

५५ **किसान सूचिकरण कार्यक्रम** - किसान सूचिकरण कार्यक्रम वापत उदय कान्त झाको नाममा रहेको ३,००,०००।- पेश्की फर्छ्यौट भएको छ । श्रेस्ता परीक्षण गर्दा उपरोक्त कार्यक्रम अर्न्तगत गोष्ठी संचालन कृषि गणकको तलव भुक्तानी, सहभागिको यातायात खर्च, स्टेशनरी खरिद र चिया खाजा खर्च गरेको देखिन्छ । तालिम संयोजकले गोष्ठी कार्यक्रमको विस्तृत विवरण सहितको रितपूर्वक प्रतिवेदन र कृषक सुची दर्ताको विवरण पेश नगरेकोले पेश हुनपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

५६ **सवारीसाधनको बिल बुक** - पालिका अन्तर्गतको १७ वटा सवारी साधनको विमा गरे वापत प्रभु इन्सुरेन्स लिमिटेडलाई रु. १०१६१८।०० भुक्तानी भएको देखियो । लेखापरीक्षणको क्रममा १७ वटै सवारीसाधनको बिल बुक परीक्षण गर्दा आ.व. २०७९/०८० भन्दा अघिको अवधिको विलबुक नविकरण भएको देखिएन । यसरी बिल बुक नविकरण नै नगरि बिमा गरिएकोले यस्तो बिमा खर्चको प्रयोजन नदेखिएकोले यस्तो खर्च नियम संगत मान्न सकिदैन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **कार्यालय समाग्री मर्मत** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम सरकारी जिन्सी मालसामन हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धीत कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही बमोजिम कार्यालयमा चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्ने व्यवस्था छ। कार्यायलको कम्प्युटर, प्रिन्टर, यु.पि.एस र इन्भटर मर्मत गरी कालीमा इन्टरप्राइजेज लाई रु. ९९,४४० खर्च लेखेको छ। आपूर्तकले पेश गरेको बिल रकममा मर्मत गरिएको सामाग्रीको संख्या नखुलेको तथा श्रेस्ता साथ सामाग्री मर्मतको लागि माग फारम, मर्मत आदेश र मर्मत रेकर्ड बेगर भुक्तानी गरेको छ। यसरी मर्मत आदेश, सामाग्रीको मर्मत रेकर्ड बेगरको मर्मत नियसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९७,९०० |

५८ **ईन्धन खर्च** - महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत फारम नम्बर ९०५ मा इन्धन खपतको लगबुक राख्नुपर्ने व्यवस्था छ |पालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजन बाट रु.३३,००,०८८ र इन्धन पदाधिकारी बाट रु.१५,००,००० समेत रु.४८,००,०८८ खर्च गरेको छ । सवारी लगबुकको प्रयोगले सवारी प्रयोग कर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ |पालिकाले इन्धन भुक्तानी गर्दा विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा सो नराखेकोले कसलाई के प्रयोजनमा इन्धन दिएको हो खुल्न सकेन |सवारी लगबुक सहित इन्धन खर्चको प्रमाण पेश हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन २०५२ नियम १५(२) मा दर्ता नभएको व्यक्ति तथा फर्मले कर उठाउन नहुने व्यवस्था छ। मूल्य अभिवृद्धी करमा दर्ता नभएका देहायका फर्महरुले १३ प्रतिशत मूल्य अभिवृद्धी रकम थप गरी बिल भुक्तानी लिएकाले सो रकम असुल हुनुपर्ने रु.

| भौ नं मिति | फर्मको नाम | पान नं | बिल रकम | मू अ कर रकम |
|---|---|---|---|---|
| ९१-१०/२४ | Old Star Hotel, Rajbiraj-3 | ६१२५५७७१२ | २,७४,०८१ | ३१,५३१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,५३१ |

६० **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.२९,१७,३०० भुक्तानी दिएको छ। लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा जाचँ गर्दा

निम्न खर्चहरु प्रमाणित कच्चाबारीमा उल्लेख नभएकोले विगतकै खर्च भुक्तानी भएको हो भनि यकिन हुन सकिएन। यसका केही उदाहरणहरु निम्न छन।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **करार कर्मचारी** - पालिकाले ३५ जना विभिन्न पदमा विगत वर्ष देखि नै करार नियुक्ति गरेको देखियो। कार्यालयको लागि आवश्यक कर्मचारीको दरबन्दी सम्बन्धी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी एकिन नगरी कार्यपालिकाको निर्णय अनुसार व्यक्तिगत रुपमा ठुलो संख्यामा नियुक्ति गरी करार सेवा शुल्क शिर्षकबाट ३५ जना लाई रु. १,९७,८२,७५० पारिश्रमिक खर्च लेखेको छ। यसरी करारमा कर्मचारी नियुक्ति गरेको उपयुक्त देखिएन।कार्यालयले ओ एण्ड एम सर्वेक्षणको आधारमा वास्तविक कर्मचारी दरबन्दी एकिन गरेर मात्र यस्तो खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **शिर्षक फरक पारी खर्च** - एकीकृत आर्थिक संकेत र व्याख्या, २०७४ मा तोकिएको शिर्षकबाट खर्च बजेट लेख्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ र नियमावली २०७७ अनुसार बजेट खर्च गर्दा स्वीकृत शिर्षकको अधिनमा रहि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु तर्फबाट खर्च गर्दा शिर्षक फरक पारी निम्न गो. भौ. हरुबाट शिर्षक फरक पारी खर्च लेखेको नियमसम्मत देखिएन। यसका केहि उदाहरणहरु निम्न छन।

| भौ नं. मिति | हुनुपर्ने खर्च शिर्षक | गरेको खर्च शिर्षक | रकम |
|---|---|---|---|
| ४८-८/८ | पदाधिकारी इन्धन | पदाधिकारी अन्य सुविधा | १०९०११ |
| ५२-९/१२ | सामाजिक सहायता | विविध कार्यक्रम खर्च | ५०००० |
| ९८-१०/२९ | विविध खर्च | विपद व्यवस्थापन सम्बन्धी जनचेतनामूलक तालिम | ७२९८८ |
| ९९-१०/२९ | विविध खर्च | विपद व्यवस्थापन सम्बन्धी जनचेतनामूलक तालिम | ५१९३० |
| १७२-१२/१ | वीउ विजन खरिद | गत आ.व. को भुक्तानी बाँकी | १००००० |
| १७७-१२/१ | पंजिकरण सम्बन्धी सामाजिक सुरक्षा कार्ड छपाई | गत आ.व. को भुक्तानी बाँकी | ७६००० |
| १८४-१२/०६ | खेलकुद सामाग्री खरिद | शाखाहरुको चिया नास्ता विविध खर्च | ५१००० |

| | | | |
|---|---|---|---|
| २९४-२/२ | इन्धन कार्यालय प्रयोजन | विविध खर्च | २८६५२ |
| ४६६-३/२२ | इन्धन कार्यालय प्रयोजन | विविध कार्यक्रम खर्च | १०८३५० |
| ५३५-३/३१ | कर्मचारी बैठक भत्ता खर्च | गत आ.व. को पदाधपकारी बैठक भत्ता | १५१००० |
| जम्मा | | | ७९८९३१ |

सैद्धान्तिक बेरुजु

६३ **पदाधिकारी सेवा सुविधा** - मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था छ ।ऐनको दफा अनुसार स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सेवा सुविधा तथा भत्ता पाउने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी पारिश्रमिक सुविधा बाट रु.२४,५४,८०० खर्च लेखेको छ।

सैद्धान्तिक बेरुजु

६४ **गाउँसभा सञ्चालन** - पालिकाले गाउँपालिकाको सभा सञ्चालन गरी दिपक कुमार मण्डलको रु. १०,७५,००० को पेश्की फस्यौंट गरेको छ। यस सम्बन्धी देखिएको व्यहोरा निम्न छन्।

६४.१ गाउँसभाको लागि भनि कविन्द्र ट्रेडर्स एण्ड जेनेरल सप्लायर्स सँग १०० थान व्याग खरिद गरी रु. ३,३९,००० खर्च लेखेको छ। गाउँसभामा कर्मचारी, पदाधिकारी र सरोकारवालाको कति संख्यामा उपस्थिति थियो भनि केरमेट भएको र संख्या नखुल्ने माइन्युट पेश गरेको छ। सभाको लागि भनि खरिद गरिएको व्यागको वितरणको भर्पाई श्रेस्ता साथ पेश नभएकाले वितरणको भर्पाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३९,००० |

६४.२ २ दिनमा सम्पन्न भएको सभामा जनप्रतिनिधिलाई रु. १३४००० बैठक भत्ता, कर्मचारीहरुलाई रु. १६८००० भत्ता, व्याग खरिद खर्च रु. ३३९०००, आवश्यक मसलन्द सामाग्री खरिद रु. ९९६६६ र खाजा-खाना अन्य समाग्री बापत विविध खर्च रु. ६,२१,९३५ समेत रु. १०,२३,६०१ को बिल बिजक पेश गरेको छ। जम्मा रु. १०७५००० को भुक्तानीमा ५१३९९ को कम बिल रहेको र सभा सम्पन्न गरी बाँकी रकम कोष दाखिला नगरेको ले उक्त रकम निज सँग असुल गरी कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,३९९ |

६५ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छ तर जिन्सी निरीक्षणमा सबै जिन्सी सामाग्रीहरु समेटेको छैन। पालिकाकै मूख्य जिन्सी सामाग्रीहरु नसमेटि तयार गरेको जिन्सी निरीक्षणमा विश्वस्ता हुने आधार रहेन। व्यवस्थित जिन्सी निरीक्षण गरी नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६६ **विजक नम्बर -** मूल्य अभिवृद्धि कर नियामवाली २०५३ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता व्यक्ती,फर्मले बिजक जारी गर्दा सिलसिलाबार नम्बर र मिति उल्लेख गर्नुपर्ने व्यस्था छ। निम्न आपूर्तक सँग पालिकाले सेवा खरिद गर्दा भ्याट बिलमा बिजक नम्बर हातले कोरिएको पाइयो। निम्न आपुर्तकले पेश गरेको बिलमा हातले कोरिएको बिल तथा कर बिजक नं. नभएकाले कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

| भौ च नं.मिति | व्यहोरा | आपुर्तक | रकम |
|---|---|---|---|
| १६८-१२/१ | वडा नं. ८ मा विधुतिकरणको काम | उँ ट्रेडिङ | ४१२८४ |
| १६९-१२/१ | कार्यालयमा पार्टेशन | दुर्गा कन्ट्रक्सन | ८१७४१ |
| जम्मा | | | १,२३,०२५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२३,०२५ |

६७ **गाडी भाडा -** सार्वजनिक खरिद नियमावली २०६३ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी विज्ञता भएका प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्फेशिफिकेशन, अवस्था र आयु, प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ। तर गाउँपालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि सवारी साधन भाडामा लिई रु. २१,६५,५०० खर्च गर्दा उपयुक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार नगरी प्रतिस्पर्धात्मक

तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो। यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले खर्च नियमसम्मत देखिदैन।

सैद्धान्तिक बेरुजु

६८ **श्रेस्ता पेश नभएको-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तिय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। स्थलगत लेखापरीक्षणका क्रममा पटक पटक माग गर्दा समेत निम्न बमोजिमको खर्चका श्रेस्ता एवं गोश्वारा भौचर साथ खर्चलाई पुष्टाई गर्ने बिल भरपाई पेश भएन । खर्चको श्रेस्ता पेश गरी लेखापरीक्षणकोलागी पेश हुनुपर्ने रु.

| भौ च नं मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४४७-३/२१ | वडा नं ४ को सम्झौता अनुसार खर्च | सगरमाथा अपाङ्ग परिषद | ९६५२९ |
| ५३३-३/३१ | जुगुनु मण्डलको पे.फ. | जुगुनु कुमार मंडल | ३००००० |
| जम्मा | | | ३,९६,५२९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९६,५२९ |

६९ **यातायात खर्च —**

*......... (प्रारम्भिक प्रतिवेदन उपर १२ जनाको यातायात खर्च भुक्तानी गर्न मिल्ने आधार र प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२४ मा रु. ८६,०००।- सम्परीक्षण गरिएको।)*

७० **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष विविध खर्च वापत पालिका तर्फ २०,५१,८७५ र बाँकी खर्चहरु वडा कार्यालय सञ्चालन, स्वास्थ्य चौकी संचालन, विगतको भुक्तानी बाँकी भनी विविध शिर्षकबाट रु. ३२,२२,२९५ समेत एकमुष्ट रु. ५२,७४,१७० खर्च गरेको छ। कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनी पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टि गर्ने कागजात संलग्न नरहने जस्ता कमजोरीहरु देखिएका छन्। विविध खर्चको उद्धेश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७१ **भ्रमण अभिलेख एवं प्रतिवेदन** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफु कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउँमा खाजा खर्च बापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकेन उल्लेख छ। नियम २१ मा भ्रमणमा खटीने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछी सम्बन्धीत कार्यालयले अनुसुचि-६ बमोजिम ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ। यस वर्ष कार्यालयबाट पदाधिकारी र कर्मचारी अनुगमन बापत रु. ५,००,००० र भ्रमण खर्च बापत रु.६,५१,३०० समेत रु.११,५१,३०० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन। नियमावालीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७२ **सामाजिक विकास कार्यक्रम तर्फ** - पालिकाबाट यस वर्ष विभिन्न सामाजिक विकास तर्फको कार्यक्रमहरु गै.स.स.सँगको समन्वयमा संचालन गरेको देखियो ।यस वर्ष पालिका वाट ३३ वटा कार्यक्रमबापत फरक-फरक गैससलाई जम्मा रु.९४,३३,८४५।- भुक्तानी भएकोमा स्रेस्ता परिक्षण गर्दा देहायअनुसारको व्यहोरा देखिँदा आर्थिक अनुशासन कायम गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१. कार्यालयले तोकिएको नर्म्स भित्र रही लागत अनुमान तयार गर्नुपर्ने ।

२. कार्यक्रमको लक्षित वर्गको, समुह, क्षेत्र पूर्वनिर्धारण गर्नुपर्ने र महिला, दलित, पिछिडिएका वर्ग एंव आर्थिक सामाजिकरुपले कमजोर वर्गलाई समन्यायिक तवरले छनौट गरी सीपमुलक तालिम संचालन गर्ने ।

३. हरेक कार्यक्रमको लक्ष्य उद्देश्य स्पष्ट हुने गरी पालिकाले प्रस्ताव तयार गरी पारदर्शी तवरले स्थानीय एंव राष्ट्रिय स्तरको पत्रिकामा प्रस्ताव आह्वान गर्नुपर्ने ।

४. प्रस्ताव मुल्यांकनलाई निष्पक्षर वास्तविक वनाउन प्रस्तावक संस्थाको योग्यता अनुभवलाई विशेष ध्यान दिनुपर्ने ।

५. कार्यक्रम कार्यान्वयनलाई नतिजामुलक बनाउन कार्यक्रम संयोजकले निष्पक्ष ढंगले अनुगमन, सुपरिवेक्षण गरी प्रतिवेदन जारी गर्नुपर्ने ।

६. कार्यक्रमको लक्ष्य उद्देश्य, लक्षित वर्ग, कार्यक्रम तालिका, प्रशिक्षकको विवरण, नतिजा लेखाजोखा खर्च को विवरण फोटो, बिल, भरपाई, समग्र पत्र समेटी रितपूर्वक विस्तृत कार्यक्रम सम्पन्न प्रतिवेदन जारी गर्नुपर्ने ।

७. कार्यक्रम संयोजकबाट कार्य सम्पन्न भई सके पश्चात आवधिक रुपमा कार्यक्रमको प्रभाव, मुल्यांकन गरी प्रतिवेदन जारी गर्नुपर्ने ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **कर** - आयकर ऐन २०५८ दफा ८८ मा बासिन्दा व्यक्तिले सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्दछ। पालिकाले वर्थिङ सेन्टरमा नाइट ड्युटि बापत प्रति रात्री ड्युटी रु. १५० का दरले भुक्तानी दिएको छ। निम्न कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेबापत भुक्तानी दिदा ऐन बमोजिम १५ प्रतिशत कर कट्टि नगरी भुक्तानी गरेको ले कर बापत को रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,६८० |

**(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७४ **आय कर** - आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम करयोग्य आयको पहिलो २ लाखमा १० प्रतिशत, ३ लाखमा २० प्रतिशत का दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । कार्यालयका देहायका कर्मचारीहरुको बार्षिक तलब बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा भएको नदेखिएकोले असुल गरी दाखिला हुनपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४५,४४८ |

**(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७५ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने छ तथा उप नियम ४ मा एक लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्दा मौजूदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले औषधी खरिदको लागी लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरेको तथा पटक पटक कोटेशन, इ बिडिङ र सिलबन्दी विधिबाट खरिद गरेको पाइयो। औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति भएको औषधीको उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। औषधी खरिदको दाखिला elims मा गर्नुपर्नेमा सो नगरेकोले पालिकाले औषधि खरिद,म्याद सकिने मिति, उपयोग र मौज्दातको अवस्था यकिन गर्न सकिएन। पालिकाले पटक पटक गरी सिलबन्दी र कोटेशन गरी यस बर्ष रु. ५०,१९,१६३ को औषधी खरिद गरेको छ। पालिकाले पटक-पटक गरी औषधी खरिद खर्च लेखेको नियमसम्मत देखिदैन।

| भौचर।मिति | आपूर्तीकर्ता | रकम |
|---|---|---|
| २७४-१।२१ (चालु) | पिरतिस ट्रेडर्स एण्ड सप्लायर्स | ९३१५२६ |

| | | |
|---|---|---|
| ४५९-३/२२(चालु- इ बिडिङ बाट खरिद) | डालिमा मेडिसेल्स | १५१२३२० |
| ११-७/१८(सशर्त चालु- सिलबन्दी बाट खरिद) | गायत्री औषधी | १८९६५०० |
| ४३२-३/२०(चालु -इ बिडिङ बाट खरिद)) | डालिमा मेडिसेल्स | ६९६८१७ |
| जम्मा | | ५०,१९,१६३ |

सैद्धान्तिक बेरुजु

७६ **पोषण सुधार कार्यक्रम -** पोषण सुधारका लागि विपन्न समुदायमा रु. २५,०००।- को दरले २४ जनालाई जम्मा रु ६,००,०००।- लाख नगद वितरणको लागि गामघर महिला सहकारी संस्थालाई भुक्तानी भएको देखियो । मिति २०८०-३-१० मा गा.पा. कार्यालय र गामघर महिला सहकारी संस्था बीच सम्झौत भएको मा गा.पा.द्धारा रु. ५,९४,०००।- र संस्थाले रु. ६,०००।- व्यहोर्ने गरी रु. ६,००,०००।- को कार्यक्रम गर्ने सम्झौता भएको छ । उपर्युक्त संस्थामा २४ जना लाभग्राही महिला सदस्य रहेकोमा सो सदस्यहरु एउटै जात थरको रहेको देखिन्छ । उपरोक्त संस्था एउटै जात थर सदस्य रहेकोले संस्थाको संरचना समावेशी रहेको देखिदैन । संस्थाले पोषण सुधार कार्यक्रमका लागि समुदायमा विपन्न महिलाहरु पहिचान गरी आय आर्जन सुधारको आवश्यकता पहिचान गर्नुपर्नेमा त्यसो गरेको देखिदैन । संस्थाको २४ जना सदस्यहरुले रु. २५,०००।- हजारको दरले रकम बाँडफाँड गरेको देखियो । साथै यस कार्यक्रमबाट लाभग्राही सदस्यहरुको पोषण सुधार एवम् आय आर्जन सुधारमा भएको उपलब्धी मापन गरी प्रतिवेदन जारी गरिएको छैन । यस्तो अवस्थामा पोषण सुधारका लागि विपन्न महिलाहरुलाई आय आर्जन सुधार कार्यक्रमको उद्देश्य परिपूर्ति भएकोमा आश्वस्त हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

७७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानिय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ प्रचलनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत २,३,६,७,८वडामा ८ वटा योजना सञ्चालन गरी यस वर्ष ७४ जनालाई औसत ७६.६७ दिनको ५७७ का दरले ५५९२ दिन रोजगारी उपलव्ध गराई रु ३२२६५८४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा

अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७८ **नर्म्स भन्दा बढी भुक्तानी** - आफ्नै कानून बनाई व्यवस्था गरेको विषयमा बाहेक तालिम कार्यक्रम संचालन गर्दा कार्यसंचालन निर्देशिका २०७७ को नर्म्स को पालना पालिकाले समेत गर्नु पर्दछ, पालिकाले संचालन गरि भुक्तानी गरेका देहायको गो भौ बाट सो को पालना भएको नदेखिएकोले त्यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित बाट असुल रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

७९ **सीमा भन्दा बढी एकै फर्म संग सोझै खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु १० लाख सम्म मात्र एक फर्म/आपूर्तिकर्ता बाट खरिद गर्न सकिने व्यवस्था विपरित पालिकाले १० लाख भन्दा बढी रकमको खरिद सोझै खरिद बिधि मार्फत खरिद गरेको देखियो। यसका केहि उदाहरण निम्न छन।

| सी.न. | आपूर्तिकर्ता/फर्म | रकम |
|---|---|---|
| १ | न्यु जनता एग्रोभेट (विभिन्न भौचर बाट) | रु.११४७०१५ |
| २ | सोनाई सीड सेन्टर (विभिन्न भौचर बाट) | रु. १६३९७५० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८० **जनता संग मेयर कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन को दफा १६ मा वडा अध्यक्षको काम कर्तव्य अधिकारमा वडाको विकास योजना वजेट तथा कार्यक्रम तयार गर्ने, गराउने एवम स्वीकृतिका लागि पेश गर्ने भनि उल्लेख रहेको छ । पालिकाले जनता संग मेयर कार्यक्रम शिर्षक राखी गो भौ ५२७ बाट रु ५००००० खर्च गरेको देखिन्छ । गो भौ संग पेश भएका बैठकका निर्णयहरु योजना छनोट संग सम्बन्धित रहेका र ति वडाका कर्मचारी जनप्रतिनिधिलाई भत्ता तथा खाजा मा खर्च गरिएको देखिन्छ । पालिकाले वर्षेनी वडास्तर बाट योजना माग गर्ने र सो का लागि जनप्रतिनिधि तथा कर्मचारी खटिने नियमित प्रक्रिया नै रहेकोले सोहि कामको लागि अलग कार्यक्रम बनाई खर्च गरिनु उपयुक्त र नियम संगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

८१ **जिन्सी दाखिला** - सार्वजनिक निकायले खरिद गरेका वा हस्तान्तरण भई आएका हरेक मालसामान को दाखिला गरी विवरण अधावधिक नराख्दा सार्वजनिक सम्पतिको दुरुपयोग हुन सक्ने जोखिम रहन्छ, पालिकाले

खरिद गरी विधालयलाई हस्तान्तरण गरेको देहायको मालसामानको सम्बन्धित विधालय बाट जिन्सी दाखिला प्रतिवेदन को प्रमाण पेश गर्नु पर्ने रु.

| सी न | गो भौ | मालसामान | रकम |
|---|---|---|---|
| १. | २१९ पालिका चालु | विधुतीय हाजिरी,बैटरी,इन्भर्टर सेट- १० थान | रु ९४४४०० |

| प्रमाण पेश नगरेको | ९,४४,४०० |
|---|---|

८२ **सफ्टवेयर खरिद-** नेपाल सरकारको सूचनाप्रविधि प्रणाली (व्यबस्थापनतथासञ्चालन) निर्देशिका,२०७१कोबुँदानं.४.१मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचनाप्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यबस्था रहेको छ। स्थानीय तहले देहायका सफ्टवेयर खरिद गरी संचालन गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभाग बाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| सी न | सफ्टवेयर प्रयोजन | खर्च रकम | परामर्शदाता | उपयोग अवस्था |
|---|---|---|---|---|
| १ | School ERP system | रु १९३२३०० | E-digital Nepal Pvt.Ltd | संचालन रहेको |
| २ | योजना प्रणाली सम्बन्धी | रु ४९७००० | Propriety IT solution Pvt.Ltd | संचालन रहेको |
| ३ | घर नक्सा सम्बन्धी | रु ४९७००० | Barbardiya engineering consultancy and IT solution | संचालन रहेको |
| ४ | राजस्व सम्बन्धी | रु ४९७००० | Dailo technology Pvt.Ltd | संचालन रहेको |

| सैद्धान्तिक बेरुजु |
|---|

८३ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**

तवलि प्रतिवेदन- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७६/७७, च.न.१८० र मिति २०७६/०५/१८ मा नेपाल सरकार (माननीय मन्त्री स्तर) को निर्णय अनुसार स्थानिय तहका कर्मचारि र संघवाट काजमा स्थानिय तहमा कामकाज गर्न खटिएका कर्मचारिको हकमा सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट पारित गर्ने भनि व्यवस्था रहेको छ । कार्यालयले तलवी

| |
|---|
| प्रतिवेदन पारित नगरि तलव भुक्तानी गरेकोले तलवी प्रतिवेदन पास गराइ मात्र तलव भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । |
| खरिद गुरुयोजना र योजना- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ अनुसार १ बर्ष भन्दा वढि अवधिसम्म सचांलन हुने योजना वा आयोजनाको लागि बार्षिक रु.१०करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्वन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिद अवधिभरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक रु.१० लाख भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामि आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामि आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरि खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्डगरी कुन काम उपभोक्ता समिति बाट र कुन काम अन्य प्रकृयावाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायवाट निर्णय गराउने पर्ने व्यवस्था रहेको छ ।कार्यालयले यस आर्थिक बर्षमा संचालित योजनाहरुको लागि नियमावलिले तोकेअनुसार खरिद योजना तयार गरेको छैन ।बार्षिक खरिद कार्यलाइ प्रभावकारि मितव्ययी र पारदर्शी वनाउनका लागि नियमावलिको परिकल्पना गरे वमोजिम बार्षिक खरिद योजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ । |
| उपभोक्ता समिति दर्ता - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ ।संस्था दर्ता ऐन,२०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन ।पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसंग सम्झोता गरि कार्य गरेकोमा यसरि कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । यस्ता समितिहरु स्थानिय स्तरमा संचालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति विघटन हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना संचालन तथा मर्मत संभारमा ती समितिलाई जिम्मेवार बनाउन कठिन हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरिक्षण समेत नगराउने भएकाले स्थायी संयन्त्र मार्फत काम गर्ने गराउने गरि सुधार हुनुपर्दछ । |
| गुणस्तर परिक्षण -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपुर्ति गरिएका मालसमान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरिक्षण वा परिक्षण गर्नु गराउनु पर्ने तथा नियम ११७ मा सम्पन्न भएको निर्माण कार्यको उपर्युक्तताको परिक्षण गरेर मात्र कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निर्माण सम्पन्न भएका निर्माण कार्य तथा आपुर्ति भएका मालसमानको गुणस्तर परिक्षण गर्ने गरेको छैन ।कार्यालयले निर्माण सम्पन्न भएका निर्माण कार्य तथा आपुर्ति भएका मालसमानको गुणस्तर परिक्षण गरेर मात्र भुक्तानी दिनुपर्दछ । |
| भुक्तानी कारोवारको सिफारिस पत्र : आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा २५ र नियामवली २०७७ नियम ३९ मा भुक्तानीलाइ व्यवस्थित र प्रभावकारी बनाउन व्यवस्था रहेको जसका लागि म.ले.प.फा.न २०२ को व्यवस्था भएको छ। भुक्तानीका लागि बिल, भर्पाइ र आवश्यक कागजात संलग्न गरि प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नुपर्नेमा सो नगरिएकाले नियमावलीको व्यवस्था अनुरुप गर्नुपर्ने |

| |
|---|
| देखिन्छ । |
| इन्धन- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनेपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन खर्च गरेको छ ।पदाधिकारी तथा कर्मचारिलाइ मासिम रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारि साधन अनुसार बार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको छैन ।प्रत्येक सवारि साधनको प्रयोगको लगवुक राखि सम्वन्धित पदाधिकारिले प्रमाणित गर्नुपर्नेमा लगवुक अध्यावधिक राखेको पाइएन। इन्धन खर्च र सवरिको प्रयोग(किलोमिटर) विश्लेषण गरेको पाइएन । इन्धन खर्चलाइ मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लगवुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ । |
| भ्रमण अभिलेख- भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार अनुसुची ६ वमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियमावलीको नियम १८ वमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपश्चात भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाइ सम्वन्धित कार्यालयमा पेश भएपश्चात मात्र रकम भुक्तानी हुने व्यवस्था छ । तर कार्यालयले भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन वेगर पदाधिकारी र कर्मचारीहरुलाइ दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोले नियमानुसारको प्रावधानको पालना गरि भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेर भ्रमण खर्च मितव्ययी र किफायती हुने गरि मात्र खर्च लेख्नुपर्दछ । |
| गाडी भाडा- सार्वजनिक खरिद नियमावली २०६३ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्वन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गढन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारि साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु, प्रचलित बजार दर भाडामा लिने अवधि , इन्धनको मुल्य र खपत जस्ता विषयहरुलाइ विचार पुर्याउनुपर्ने उल्लेख छ । तर पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि सवारि साधन भाडामा लिइ भाडा रकम खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरि प्रतिस्प्रधात्मक तरिकाले खरिद नगरि व्यक्ति तथा संस्था सँग सोझै सम्झोता गरेको पाइयो । यसरि खरिद नियमावलीले तोकेको प्रकिया अनुरुप खरिद कार्य गर्नुपर्ने देखिन्छ । |
| कार्यक्रम खर्च- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ उपनियम (७,८) अनुसार सरकारी निकायवाट कुनै तालिम, सेमिनार, गोष्टि, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीवाट स्विकृत भएको हुनुपर्ने र कार्यसम्पन्न प्रतिवेदन तयार पारि स्विकृत गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले संचालन गरेको कार्यक्रम गोष्ठि सेमिनारहरुमा लागत अनुमान तयार गरि स्विकृत गर्ने नगरेकोले नियमावलीमा व्यवस्था भएअनुरुप नियमको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । |
| (PAMS) को प्रयोगः नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/७/२० को निर्णय अनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालि(PAMS)आ.व. २०७७/७८ अनिवार्य रुपमा लागु गर्नुपर्ने व्यवस्था गरेको तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(३) मा जिन्सि |

| |
|---|
| मालसमान तथा तत्सम्बन्धि स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने व्यवस्था छ ।कार्यालयले गत बर्ष मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System(PAMS) मा पुर्ण रुपमा प्रविष्टि गर्नुपर्नेमा अधिकांश खरिद समान (PAMS) मा दाखिला गरेको पाइएन । |
| धरौटी खाता -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ वमोजिम कार्यालयको धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वरा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अध्यावधिक गरि राख्नुपर्नेछ । तर कार्यालयले व्यक्तिगत धरौटी खाता राख्ने गरेको पाइएन ।साथै धरौटी फिर्ता गर्दा सम्वन्धित पार्टिवाट निवेदन, भुक्तानी भएको वर्षको कर चुक्ताको प्रमाणपत्र माग गरि भुक्तानी दिनुपर्नेमा कतिपय भुक्तानीमा नियमको पालना भएको पाइएन । नियममा व्यवस्था भएअनुरुप धरौटी कारोवारको लेखा राख्नुपर्दछ । |
| जिन्सीको निरिक्षण -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसमानको लगत खडा गरि राख्नुपर्ने सोको निरिक्षण गरि प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित समान मध्ये मर्मत गर्नुपर्ने समान ३ महिना भित्र र लिलाम गर्नुपर्ने समान ६ महिना भित्र लिलाम गरि सक्नुपर्ने व्यवस्था छ । तर पालिकाले जिन्सि निरिक्षण गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरिक्षण गर्ने प्रतिवेदन तयार गर्ने र प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने समान मर्मत गरि प्रयोगमा ल्याउने र लिलाम गर्नुपर्ने समान नियमावलीको प्रकृया पुर्याइ लिलाम गर्ने तथा चालु हालतमा रहेको जिन्सीं सामाग्रीको अभिलेख अद्यावधिक गर्ने तर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ । |

सैद्धान्तिक बेरुजु

८४ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ अनुसार खर्च लेख्नु अघि आश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको सुनिश्चित गर्नुपर्दछ।निम्न भौचरहरुबाट पेश श्रेस्ताको बिल जोड जम्मा गर्दा भुक्तानी भन्दा कम खर्च बिल रहेकाले बढि भुक्तानी बापतको रकम असुल हुनुपर्ने रु.

| भौ.च.न मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ८७-१०/२४ | १५००० को भुक्तानीमा ५००० को बिलमात्र पेश | पब्लिक न्युज | १०००० |
| १९-६/१२ | ५००००को खर्चमा ७०४० कम बिल जोडजम्मा रहेको | संजय कुमार झा | ७०४० |
| जम्मा | | | १७,०४० |

*(प्रारम्भिक प्रतिवेदन उपर बढि खाजा खर्च असुल प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२४ मा रु. २०,०००।- सम्परीक्षण गरिएको र बाँकी बेरुजु थप कायम गरिएको छ।।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,०४० |

८५ **धरौटी र कोष** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा जमानत वापतराखेको धरौटी फिर्ता गर्दा सम्बन्धित निर्माण व्यवसायि वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयको कर विवरण (मूल्य अभिवृद्धि कर समायोज न) पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले निम्न फर्म तथा संस्था लाई धरौटि फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन को प्रमाण बेगर भक्तानी गरेको देखिएकोले मुल्य अभिवृद्धिकर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००,१७३.९६ |

**(विस्तृत विवरण बेरूजु दफा ८५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८६ **एम्बुलेन्स बाटप्राप्त राजस्व** - लगबुक रेकर्ड अनुसार २०८०/२/१ बाट एम्बुलेन्स संचाालनमा रहेको देखिन्छ। यस बर्ष पालिकाको एम्बुलेन्सवाट प्राप्त आम्दानी ७५८०० भएकोमा एम्बुलेन्स चालकले सो को बैङ्क दाखिला नगरी ५९०७० इन्धन तथा मर्मत खर्चको बिल पेश गरी खर्च लेखेको र बाँकी रकम रु. १६८०० बैङ्क दाखिला गरेको देखिन्छ।यसरी राजस्व तर्फको आय मर्मत सम्भार तथा इन्धनको लागि खर्च गर्नु नियमसम्मत देखिदैन। यस्तो मर्मत खर्च पालिकाको खर्च शिर्षकबाट व्योहोर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **सेफ्टी टयाङ्की बाट प्राप्त राजस्व** - पालिकाले सेफ्टी टयाङ्की तर्फ रसिद नं १३८५१-१३९०० सम्मको १ ठेली चालकलाई उपलब्ध गराएकोमा त्यसबाट प्राप्त भएको आय ३१५०० बैङ्क दाखिला नगरी इन्धन र मर्मत सम्भार वापत रु २०९८० को बिल पेश गरी बाँकी रकम रु१०५२० बैंङ्क दाखिला गरेको देखिन्छ।आगामी दिनमा इन्धन र मर्मत खर्च पालिकाको खर्च शिर्षकबाट खर्च लेखि संकलन भएको सबै राजस्व बैङ्क दाखिला गरिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८८ **राजस्व आम्दानी** - पालिकाले यस बर्ष आन्तरिक राजस्व रु ५०७८३४२ मात्र संकलन आ वि पेश गरेको छ। पालिकाले पोखरी ठेक्का, हाटबजार ठेक्का जस्ता अन्य आन्तरिक श्रोतको पहिचान गरी आन्तरिक राजस्व वृद्धि गर्ने तर्फ ध्यान दिन जरुरी छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८९ **आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजु**

८९.१ **गरिबसँग विश्वेश्वर कार्यक्रम-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२४ मा रु. ७,७५०।- सम्परीक्षण गरिएको।)*

८९.२ **सामाजिक सुरक्षा तथा संरक्षण-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर एन एम बि बैङ्कबाट सामाजिक सुरक्षा भत्ता फिर्ता प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२४ मा रु. ४९,८७,१८४।- सम्परीक्षण गरि बाँकी थप बेरुजु कायम गरिएको छ।)*

९० **सामाजिक सुरक्षा भत्ता तर्फ** - पालिकाले उपलव्ध गराएको विवरण अनुसार ८ वटा वडाको लाभग्राहीको सामाजिक सुरक्षा भत्ता को विवरण देहायअनुसार छ।

| किस्ता | बजेट खर्च लेखिएको रकम रु | बैक ले बुझिलिएको रकम रु | फरक रु |
|---|---|---|---|
| पहिलो | ३,४०,३९,९३० | ३,४०,३९,९३० | ० |
| दोस्रो | ३,६२,४७,८९३ | ३,६२,८३,८९३ | ३६,००० |
| तेस्रो | ३,६७,०९,२४० | ३,६७,०९,२४० | ० |
| चौथो | ३,७५,५४,०४३ | ३,७५,७२,४२७ | १८,३८४ |
| जम्मा | १४,४५,५१,१०६ | १४,४६,०५,४९० | ५४,३८४ |

९०.१ उपरोक्त विवरण अनुसार पालिकाले लेखिएको बजेट खर्च र बैकले बुझेको भरपाई भिडान गर्दा रु ५४,३८४।- ले फरक हुन आएकोले यस्तो खर्च वास्तविक हो भनि एकिन गर्न सकिएन। सोको हिसाब मिलान गरी प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ५४,३८४ |
|---|---|

९०.२ पालिकाले यस आर्थिक बर्षमा ८ वटै वडाको सामाजिक सुरक्षा भत्ता जम्मा रु १४,४६,०५,४९०।- दुई वटा बैकमा भुक्तानी गरेको विवरण बाट देखिन्छ। निर्देशिका बमोजिम बैकहरुले तोकिएको समयमा वितरण गरिसक्नु पर्दछ र वितरण हुन नसकेको रकम बैंक वाट रिभर्स फिड हुनुपर्ने व्यबस्था भएको रकमको विवरण पेश नगर्दा संञ्चितकोषमा फिर्ता हुनु पर्ने रकम यकिन हुन सकेन।

| सैद्धान्तिक बेरुजु |
|---|

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **सामाजिक सुरक्षा तथा संरक्षणः (आ ले प बाट कायम)** गाउँपालिका बाट वितरणको लागि बैकमा जम्मा भएको सामाजिक सुरक्षा भत्ता रकम मध्ये कामना सेवा विकाश बैकमा रु ४७८६३२।— अझै वितरण गर्न बाँकी रहेको देखिएको हुदाँ उक्त रकम बैंकहरु वाट फिर्ता प्राप्त गरि राजस्व खातामा जम्मा गर्नु पर्नै रु | ४७८६३२.०० |
| २ | आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ अनुसार खर्च लेख्नु अघि आश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको सुनिश्चित गर्नुपर्दछ। निम्न भौचरहरुबाट पेश श्रेस्ताको बिल जोड जम्मा गर्दा भुक्तानी भन्दा कम खर्च बिल रहेकाले बढि भुक्तानी बापतको रकम असुल हुनुपर्ने रु.<br><br>भौ.च.न मिति \| व्यहोरा \| भुक्तानी पाउने \| रकम<br>९०-२/५ \| उपस्थिति भन्दा बढि खाजा र खानाकोखर्च लेखेको पेश \| शैलेन्द्र कुमार सिंह \| १००००<br>जम्मा \| १०००० | १००००.०० |
| ३ | गो.भौ.नं.५४/०७९—९—२९ बाट पालिकाले श्री ल.ब.न.मा.वि.को खातामा २०,००,०००।०० निकासा गरेको देखिन्छ । श्रेस्ता परीक्षण गर्दा उपरोक्त विद्यालयको अधरो भवन निर्माण कार्यका लागि लागत अनुमान रु. ३८,६५,५४४।४३ को तयार गरेको देखिन्छ । साथै विद्यालयबाट जारी अन्तिम बिल रु. ३८,०३,६७५।३१ को भुक्तानी रु.२०,००,०००.०० रहेकोमा सोमा जनसहभागीताको ५% ले हुने रु.१०००००.०० कट्टा समेत नगरेको देखियो । पालिकाले विद्यालय व्यवस्थापन समिति, उ.स. र विद्यालयसंग संयुक्त सम्झौता गरी उ.स.को नम्स अनुसार खोलिएको बैंक खातामा रकम भुक्तानी गर्नुपर्नेका साथै तोकिए बमोजिम जनहसभागिताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो अनुसार नगरेको रकम असुल गर्नुपर्ने रु | १०००००.०० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: तिलाठी कोईलाडी गाउँपालिका, सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र कुमार यादव | २०७९-६-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शत्रोहन दास | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,७७०,४११ | १,०८९,४५० | ४१,३४२,९३३.९६ | ० | ० | ४,८९५,६५१ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५४,०९८,४४५.९६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १२,८३८,२६८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ५८८,६३२ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४१,८४८,८०९.९६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २०४५८४१०५.०४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१४०८९६०३.४४ | **चालु खर्च** | ३६१३८००१८.८३ |
| **प्रदेश सरकारबाट अनुदान** | १९१३८००० | **पूँजीगत खर्च** | १८८७४०३८६.९९ |
| **राजश्व बाँडफाँट** | ७५११४८५३.६३ | **वित्तीय/अन्य व्यवस्था** | १७१४६८११२.३६ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | ५०७८३४२.०७ | | |
| **अन्य आय** | १६०५६६८९३.७९ | | |
| **कुल आय** | ५७३९८७६९२.९३ | **कुल खर्च** | ७२१५८८५१८.१८ |
| **बाँकी मौज्दात** | | ५६९८३२७९.७९ | |

## बेरूजु दफा ३५ सँग सम्बन्धित विवरण- अनुसूची -३

| सी.न | योजनाको नाम | आइटम | प्रयोग भएको परिमाण | हुनुपर्ने दर | भुक्तानी भएको दर | फरक | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | जिबछ मण्डल घर देखि देव मण्डल ग्रेवल र ढलान वडा ८ | PCC for RCC (१:२:४ M१५) | ३२.१३ घ.मी | १५०३१.७५ | १६१२६.९९ | १०९५.२४ | ३५१९० |
| | | TMT reinforcement bar | ९६१.४० केजी | १३५.४७ | १४१.०६ | ५.५९ | ५३७४ |
| २ | पिरो सिंह घर देखि पुल सम्म अधुरो ढलान वडा ४ | PCC for RCC (१:२:४ M१५) | ३३.४८ घ.मी | १५०३१.७५ | १६१२६.९९ | १०९५.२४ | ३६६६८ |
| | | TMT reinforcement bar | ९५५.४२ केजी | १३५.४७ | १४१.०६ | ५.५९ | ५३४० |
| ३ | बनरझुला वकार्यालय देखि कुशहा सडक ढलान वडा ५ | PCC for RCC (१:२:४ M१५) | ५१.८१ घ.मी | १२१६२.५७ | १४७७२.२७ | २६०९.७ | १३५२०८ |
| | | TMT reinforcement bar | १५०५ केजी | १३१.२० | १३५.४५ | ४.२५ | ६३९६ |
| ४ | बेचन मुखिया घर देखि इनार सम्म सडक ढलान वडा ३ | PCC for RCC (१:२:४ M१५) | ४२.४७ घ.मी | १२१६२.५७ | १४७७२.२७ | २६०९.७ | ११०८३४ |
| | | TMT reinforcement bar | १२१७.३२ केजी | १३१.२० | १३५.४५ | ४.२५ | ५१७३ |
| ५ | | PCC for RCC (१:२:४ M१५) | ८९.४० घ.मी | १२१६२.५७ | १४७७२.२७ | २६०९.७ | २३३३०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हरि प्रसाद घर देखि हरि मोहन घरसम्म ढलान वडा ८ | TMT reinforcement bar | २५६९.३३ केजी | १३१.२० | १३५.४५ | ४.२५ | १०९१९ |
| ६ | रामचरित्र मण्डल घर देखि राधे मण्डल घर सम्म ढलान वडा ७ | PCC for RCC (१:२:४ M१५) | ३६. घ.मी | १२१६२.५७ | १४७७२.२७ | २६०९.७ | ९३९४९ |
| | | TMT reinforcement bar | १०७३.२८ केजी | १३१.२० | १३५.४५ | ४.२५ | ४५६१ |
| जम्मा | | | | | | | ६८२९१९ |

## बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -४

| भौ च नं मिति | भुक्तानी पाउने | शिर्षक | कैफियत | रकम |
|---|---|---|---|---|
| १४५-११/१८ | चन्द्र कुमारी नेपाली | गत आ.व. को भुक्तानी बाँकी | कच्चाबा:रीमा नभेटिएको | १०८०० |
| १५९-११/२१ | इनोमेशन कम्प्युटर सेल्स सर्भिस, सेन्टर | | कच्चाबारीमा रेकर्ड नभेटिएको | ७६००० |
| १२-६/११ | पदाधिकारीहरु | | कच्चाबारीमा रेकर्ड नभेटिएको | १८०४५०० |
| ३३२-२/२५ | पदाधिकरीहरु | गत आ.व.को पदाधिकारी बैठक भत्ता | कच्चाबारीमा रेकर्ड नभेटिएको | १२०००० |
| ३३३-२/२५ | पदाधिकरीहरु | गत आ.व.को पदाधिकारी बैठक भत्ता | कच्चाबारीमा रेकर्ड नभेटिएको | १८१२५० |
| ३३४-२/२५ | पदाधिकरीहरु | गत आ.व.को पदाधिकारी बैठक भत्ता | कच्चाबारीमा रेकर्ड नभेटिएको | २२५०० |
| ३३५-२/२५ | पदाधिकरीहरु | गत आ.व.को पदाधिकारी बैठक भत्ता | कच्चाबारीमा रेकर्ड नभेटिएको | ३७५०० |
| ३३६-२/२५ | पदाधिकरीहरु | गत आ.व.को पदाधिकारी बैठक भत्ता | कच्चाबारीमा रेकर्ड नभेटिएको | १५०००० |

| | | | | |
|---|---|---|---|---|
| ४०२-३/१५ | पदाधिकरीहरु | गत आ.व.को पदाधिकारी बैठक भत्ता | कच्चाबारीमा रेकर्ड नभेटिएको | ५५००० |
| ४८५-३/२३ | पदाधिकरीहरु | गत आ.व.को पदाधिकारी बैठक भत्ता | कच्चाबारीमा रेकर्ड नभेटिएको | ४५९७५० |
| जम्मा | | | | २९,१७,३०० |

## बेरूजु दफा ७३ सँग सम्बन्धित विवरण-अनुसूची-६

| भौ च नं मिति | नाम | भुक्तानी | कर |
|---|---|---|---|
| ३२६-२/२० | अम्बिका मण्डल | ११५५० | १७३२ |
| | मिना कुमारी मंडल | ३०७५० | ४६१२ |
| | अमेरिका कुमारी मंडल | १०९५९ | १६४३ |
| | रोशनी कुमारी मंडल | १०९५० | १६४२ |
| | अलका कुमारी ठाकुर | ६५१४६ | ८७७१ |
| १४६-११/१८ | मल्पना मंडल | २१०८७ | ३१६३ |
| | चन्द्र कुमारी नेपाली | २३१६५ | ३४७४ |
| | संगिता कुमारी यादव | २३९०७ | ३५८६ |
| | प्रकृति यादव | २३०१६ | ३४५२ |
| | सम्झाना गुभाजु | ५४९४ | ८२४ |

| | | | |
|---|---|---|---|
| | शारदा भवानी | ७४२५ | १११३ |
| | सवनम खातुन | ४४५५ | ६६८ |
| जम्मा | | | ३४,६८० |

## बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -७

| नाम | पद | कट्टि पछिको कर योग्य आय | कट्टि गर्नुपर्ने कर | कट्टि गरेको कर | थप कर |
|---|---|---|---|---|---|
| उपेन्द्रदेव | इन्जिनियर | ७५०९०० | ३०१८० | ७५०९ | २२६७१ |
| श्याम नारायण यादव | सि.अ.हे.ब छैठौ | ७५०९०० | ३०१८० | ७५०९ | २२६७१ |
| मनोज प्रसाद देव | सि.अ.हे.ब छैठौ | ७५०९०० | ३०१८० | ७५०९ | २२६७१ |
| विष्णु देव साह | सि.अ.हे.ब छैठौ | ७५०९०० | ३०१८० | ७५०९ | २२६७१ |
| राज कुमार मंडल | सि.अ.हे.ब छैठौ | ७३३७१९ | २६७४४ | ७५०९ | १९४०७ |
| राम ओतार साह | सि.अ.हे.ब छैठौ | ७५०९०० | ३०१८० | ७५०९ | २२६७१ |
| भुपेन्द्र झा | ज.स्वा. सातौ | ६९६५१५ | १९६५१ | ६९६५ | १२६८६ |
| जम्मा | | | | | १४५४४८ |

## बेरूजु दफा ८५ सँग सम्बन्धित विवरण - अनुसूची -८

| भौ नं./मिति | संस्थाको नाम | निर्माण कार्य | धरौटी फिर्ता रकम |
|---|---|---|---|
| २१/२०७९।०७।०४ | काली कन्स्ट्रक्सन | वडा ५मा हिरा सिंहको पोखरीमा वाल निर्माणको कार्य | १,२२,५००/- |
| ३४/२०७९।०८।०८ | कमला भगवती निर्माण सेवा, जय चन्द्र निर्माण सेवा, भगवती कन्स्ट्रक्सन | कार्यको व्यहोरा नखुलेको श्रेस्ता पेश गर्नु पर्ने | १,२७,८८०/- |

| | | | |
|---|---|---|---|
| ३७/२०७९।१०।२९ | सागर कन्स्ट्रक्सन | वडा १ मा ढलाई सम्बन्धी कार्य | १४२९११.५८/- |
| ४५/२०७९।११।१० | संजिव निर्माण सेवा | वाड नं २ मा सडक निर्माण | २०,५०६/- |
| ५२/२०७९।११।२१ | न्यू माईक्रोल्याण्ड कम्पियुटर एण्ड सप्लायर्स | व्पहोरा नखुलेको | २२,०९८/- |
| ५३/२०७९।१२।०२ | प्रयास कन्स्ट्रक्सन | व्यहोरा नखुलेको | २,९०,१६३.९८/- |
| ६२/२०७९।१२।१४ | हरिओम सिभिल इन्जिनियङ्ग कन्स्ट्रक्सन | वाड नं ४ को तेलही पोखरीमा रिटेनिङ वाल को कार्य | २१,५४०/- |
| ६५/२०७९।१२।२८ | बालाजी निर्माण सेवा | भवन निर्माण र ढलान कार्य | ३,००,०००/- |
| ६६/२०८०।०१।०७ | कमला भगवती र जय चन्द्र निर्माण सेवा | व्यहोरा नखुलेको | ९२,७५४/- |
| ६७२०८०।०२।०२ | बालाजी निर्माण सेवा | वडा नं ४ र ५ मा ढलान सम्बन्धी कार्य | १,२५,०००/- |
| ७१/२०८०।०२।०४ | न्यू आशुतोष कन्स्ट्रक्सन, बाबा संहशा विल्डर्श, सागर कन्स्ट्रक्सन | वडा नं १, ४, ५ मा निर्माण कार्य | १६८३०९.८६/- |
| ७२/२०८०।०२।११ | शोभा निर्माण सेवा | वाड नं ६ मा माटो तथा ग्राइभेल कार्य | २३३४५.५४/- |
| ७३/२०८०।०२।१४ | दुर्गा कन्सट्रक्सन | व्यहोरा नखुलेको | ३१,४४०/- |
| ७४/२०८०।०२।२४ | अरमान निर्माण सेवा | खाडो नियन्त्रण कार्य | १२,८४४/- |
| ८४/२०८०।०२।२९ | महबुव कन्स्ट्रक्सन | निर्माण कार्य | ३८,११३/- |
| ८४/२०८०।०३।०६ | श्री गणेश सप्लायर्स | वाड नं ४ मा निर्माण सम्बन्धी कार्य | २१,४४०/- |
| ९१/२०८०।०३।१३ | नर सिहं निर्माण सेवा | वाड नं १ मा ढलान कार्य | ३९,३२८/- |
| जम्मा रकम | | | १६००१७३.९६/- |

**नोट-** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ।